# अध्याय एक

## अध्ययनपत्र परिचय

### १.१ विषय परिचय

नेपाली साहित्यको क्षेत्रमा कलम चलाउँदै आएका साहित्यकार तथा समाजसेवी गोपाल सञ्जेलको जन्म वि.सं. २०२६ साल जेठ महिनाको ५ गते बाग्मती अञ्चलअन्तर्गत ललितपुर जिल्लाको इकुडोल गाउँ विकास समिति वडा नं. ६ मा पिता हरिबहादुर सञ्जेल र माता खलकुमारी सञ्जेलका कोखबाट सातौँ सन्तानका रूपमा भएको हो । बाल्यकाल सामान्य अवस्थामा बिताएका सञ्जेलको विद्यालयीय शिक्षा भने विभिन्न स्कुलहरूमा भएको थियो । प्राथमिक तहको शिक्ष लिने क्रममा कक्षा ३ सम्मको अध्ययन श्री सन्तोष शान्ति प्राथमिक विद्यालयबाट लिएको थाहा हुन्छ । त्यस्तै कक्षा ४ विज्ञानप्रभा प्राथमिक विद्यालयबाट लिए पनि कक्षा ५ को अध्ययन भने गरेको पाइँदैन । पारिवारिक, सामाजिक, आर्थिक अवस्थाका कारणले पढाइ छोड्न पुगेका गोपाल सञ्जेललाई श्री जनजागृति नि.मा.वि. माझखण्डका प्र.अ. बुद्धि तामाङले एकैचोटि कक्षा ६ मा भर्ना गरिदिएका थिए । आर्थिक अवस्थाका कारण पढाइ छोड्न बाध्य भएका गोपाल सञ्जेललाई बुद्धि सरले डटपेन र कापी किनिदिएका थिए । विना किताब त्यही डटपेन र कापीका भरमा सञ्जेलले ६ कक्षा उत्तीर्ण गरेको बुझिन्छ । त्यसपछि उनी त्यहाँ मा.वि. सम्मको पढाइ नहुने भएकाले कक्षा ८, ९ र १० को अध्ययनका लागि महाङ्काल उच्च मा.वि. गोटीखेलमा भर्ना हुन पुग्दछन् । २०४४ सालको एस.एल.सी. परीक्षामा सोही विद्यालयबाट सञ्जेलले द्वितीय श्रेणीमा उत्तीर्ण गरेका थिए । कक्षा ७ पढ्दै गर्दा विद्यार्थी सङ्गठनमा आबद्ध भएका सञ्जेल कक्षा ९ मा पढ्दै गर्दा एक पटक झण्डै कारावास सजायँ भोग्न पुगेका थिए । अनेरास्ववियु ललितपुर जिल्ला कमिटीको सदस्य भएका सञ्जेल तत्कालीन अनेरास्ववियुका पदाधिकारी गिरफ्तारीमा परेपछि उनी पनि वारेण्टमा परेका थिए । तर मानिखेल गाउँमा ९/१० दिनसम्म भूमिगत भएर आफू बचेका थिए । प्रमाणपत्र तहको अध्ययन भने यिनले पाटन संयुक्त क्याम्पस पाटन ढोकाबाट २०४७ सालमा गरेको देखिन्छ । त्यसपछि त्रि.वि.बाट प्राइभेट फर्म भरी सञ्जेलले स्नातकसम्मको अध्ययन गरेको बुझिन्छ । कम्युनिष्ट राजनीतिमा सक्रिय सञ्जेल

२०४९ सालको स्थानीय निकायको चुनावमा इकुडोल गा.वि.स.को अध्यक्ष पदमा समेत निर्वाचित हुनुभएको पाइन्छ । गाउँको जननिर्वाचिन अध्यक्षको हैसियतले उनले पहिलो प्राथमिकतामा शिक्षालाई रोजेको पाइन्छ । मा.वि.समेत नभएको गाउँमा उनले जनजागृति नि.मा.वि.लाई मा.वि. बनाउन नेतृत्वदायी भूमिका मात्र खेलेनन् स्वयम्सेवक भई तीन वर्षसम्म लगातार अध्यापन समेत गरेको पाइयो ।

यसैगरी सञ्जेल २०५४ को गा.वि.स. को निर्वाचनमा पुनः अध्यक्षमा निर्वाचित भएका र उनको व्यक्तित्व अझ परिपक्वता भएको पाइन्छ ।

निम्न मध्यम वर्गीय परिवारमा जन्मेका गोपाल सञ्जेलको व्यक्तित्व साहित्यिक, राजनीतिक र शैक्षिक तीनवटै क्षेत्रहरूबाट अगाडि बढेको थियो । वि.सं. २०४५ सालमा जनआस्था पत्रिकामा "तेरो गीत रेडियोले किन गाउँदैन नानी" नामक कविता लेखेर साहित्यको क्षेत्रमा प्रवेश गरेका सञ्जेलका आधा दर्जन कृतिहरू बजारमा आएका छन् । जसमा कविता सङ्ग्रह 'उज्यालो बाटोतिर' (२०४८), निबन्ध सङ्ग्रहहरूमा 'परिवर्तनको पक्षमा' (२०६३), 'प्रसङ्गवश' (२०६५), 'अनुभूतिका रेखाहरू' (२०५७), गजल सङ्ग्रहमा 'मै हराएँ आज' (२०६७) र उपन्यास 'विस्मात्' (२०६९) गरी हालसम्म जम्मा ६ वटा कृतिहरू प्रकाशित भइसकेका छन् । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा फुटकर निबन्ध, कविता, गजलजस्ता रचनाहरू प्रकाशित भएका छन् । कक्षा- ८ को भानुभक्तको 'पादुका दान' कविता पढ्दा कविता विधाबाट निराश भएका सञ्जेल सोही कक्षामा महाकवि लक्ष्मीप्रसाद देवकोटाको यात्री र युगकवि सिद्धिचरण श्रेष्ठको 'मेरो प्यारो ओखलढुङ्गा' कविता पढेपछि भने ज्यादै प्रभावित भएको बताउँछन् । राजनीतिक रङ्गमञ्चसँगै गीति यात्राका मञ्जुल र रामेशका गीतहरूबाट प्रभावित सञ्जेल बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनको पत्रकारिता क्षेत्रमा समेत उत्तिकै सफलता देखिन्छ । ललितपुरबाट प्रकाशित ललित सन्देश साप्ताहिक, मानव आवाज साप्ताहिक दिगो दृष्टि साप्ताहिक जस्ता विभिन्न पत्रपत्रिकाहरूमा स्तम्भ लेखकका रूपमा समेत उनी परिचित छन् । मानव आवाज साप्ताहिक पत्रिकामा प्रसङ्गवश स्तम्भमार्फत् आफ्ना लेखहरू प्रकाशित गरेका छन् भने तिनै लेखहरूलाई २०६५ सालमा निबन्धको रूप दिई निबन्ध सङ्ग्रहसमेत प्रकाशित गरेका छन् ।

साहित्यका साथै गोपाल सञ्जेलको रुचि समाजसेवामा समेत उत्तिकै छ । वि.सं. २०५० सालदेखि ग्रामीण सामुदायिक विकास संस्थामा कार्यरत सञ्जेल ग्रामीण भेगको विकासमा उत्तिकै लागिपरेका छन् । वि.सं. २०५७ सालदेखि २०६६ सालसम्म दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी बोर्डको कोषाध्यक्ष, उपाध्यक्ष र अध्यक्ष पदमा रही ग्रामीण भेगमा विद्युत् विस्तार गर्न समेत महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । "इमाजिन ललितपुर" नामक गैरसरकारी संस्थामा पदाधिकारी र स्रोत व्यक्तिका रूपमा कार्यरत सञ्जेल कर्तव्यनिष्ठ क्रियाशील व्यक्तिका रूपमा स्थापित छन् । २०६४ सालको संविधानसभा निर्वाचनमा 'राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) को ललितपुर अध्यक्ष भए । यसअघि इम्याजिन ललितपुरको तर्फबाट गैरसरकारी संस्था महासंघ ललितपुरको अध्यक्ष भई काम गरेका सञ्जेलको स्वतन्त्र व्यक्तित्व अझ प्रखर भएको र स्वतन्त्र व्यक्तित्वको हैसियत बनाएको देखिन्छ । २०६० सालपछि सञ्जेल राजनीतिक यात्रा विश्राम गरेका छन् भने दलीय राजनीतिबाट अलग रहेर सामाजिक, साहित्यिक र नागरिक समाजको अगुवाको भूमिकामा देखा परेका छन् । वि.सं. २०६३ सालदेखि हालसम्म उनी सुनगाभा साहित्य सदन गोटीखेल चन्दनपुर ललितपुरका उपाध्यक्ष समेत रहेका छन् ।

लेखकीय प्रवृत्तिका दृष्टिले सामाजिक यथार्थवादी धारालाई आत्मसात् गरेर साहित्य सृजना गर्ने सञ्जेल प्रगतिवादी धाराका साहित्यकार हुन् । हाम्रो समाजमा घटेका घटनाहरूलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गर्दै समाज सुधारको चाहना उनका गजल, उपन्यास र निबन्धहरूमा पाइन्छ । दश बर्से जनयुद्ध र त्यसले निम्त्याएको सन्त्रासपूर्ण अवस्थाको जीवन्त चित्रण समेत यिनका कृतिमा भेट्न सकिन्छ । फुटकर लेख रचनादेखि कविता, निबन्ध, गीत, गजलका साथै साहित्यको बृहत् विधा उपन्याससम्मको रचना गर्ने सञ्जेललाई बहुमुखी प्रतिभाका धनी व्यक्तिको रूपमा चित्रण गर्न सकिन्छ ।

## १.२ अध्ययनपत्रका समस्या

गोपाल सञ्जेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन विषयक प्रस्तुत अध्ययनपत्रका समस्याहरू निम्न बमोजिम रहेका छन् :

(क) गोपाल सञ्जेलको जीवनी के कस्तो छ ?

(ख) गोपाल सञ्जेलको व्यक्तित्व के-कस्तो रहेको छ ?

(ग) गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रह के-कस्तो कृति हो ?

## १.३ अध्ययनपत्रका उद्देश्य

यस अध्ययनपत्रका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

(क) गोपाल सञ्जेलको जीवनीको निरूपण गर्नु,

(ख) गोपाल सञ्जेलको व्यक्तित्वको बारेमा प्रकाश पार्नु,

(ग) गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रहको अध्ययन गर्नु,

उपर्युक्त उद्देश्यहरूको प्राप्तिमा प्रस्तुत अध्ययनपत्र केन्द्रित रहेको छ ।

## १.४ पूर्वकार्यको समीक्षा

साहित्यकार गोपाल सञ्जेलका विभिन्न कृतिहरूका सन्दर्भमा विभिन्न साहित्यकार समालोचक तथा समीक्षकहरूले विभिन्न ढङ्गले समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । जसमा उनको व्यक्तित्व, कृतित्व र लेखकीय क्षमतालाई बढी जो दिएको पाइन्छ ।

मोदनाथ प्रश्रितले गोपाल सञ्जेलको **उज्यालो बाटोतिर** (वि.सं.२०४८) कविता सङ्ग्रहको भूमिकामा सञ्जेलका कवितात्मक विशेषताहरूका बारेमा चर्चा गरेका छन् । उनका अनुसार सञ्जेलका धेरै रचनाहरू निरंकुश पञ्चायती व्यवस्थाको अँध्यारो युगभित्र अगुल्टो हल्लाउने खालका छन् । उहाँका रचनाहरू तानाशाही दानव विरुद्ध प्रहार गरिएका तीखा र कडा ढुङ्गाजस्तै छन् । उहाँ गाउँले गरिबहरू, दिदी, बहिनी र आमाहरूको बारेमा लेख्नुहुन्छ । उहाँ लागेको कुरा हथौडाले चोट हानेझैं ड्याङ् कि ड्याङ् हान्नुहुन्छ भन्दै गोपाल सञ्जेलको बारेमा समीक्षात्मक टिप्पणी गरेको पाइन्छ । उनको यो भूमिकामा सञ्जेलका लेखकीय दोषलाई वेवास्ता गर्दै विषयवस्तुगत प्रवृत्तिमाथि चर्चा गरिएको पाइन्छ ।

प्रदीप नेपालले **परिवर्तनको पक्षमा** (२०६३) शीर्षकको निबन्ध सङ्ग्रहको भूमिकामा गोपाल सञ्जेललाई जीवनमुखी, जनतापक्षीय सोच भएका निबन्धकारका रूपमा चित्रण गरेका छन् । सञ्जेलका निबन्धहरू आरामदायी कोठामा बसेर रचिएका रचना होइनन् भन्दै

उनका निबन्धहरूमा जीवनको सुगन्ध भेटिने कुराको चर्चा गरेका छन् । जति लामो डोरी बाटे पनि पोयो एउटै हन्छ । गोपाल सञ्जेलको निबन्ध सङ्ग्रह 'परिवर्तनको पक्षमा' नेपाल र नेपालीको जीवनसँग जोडिएको पोयो हो भन्दै नेपालको आजको अनुहार हेर्न चाहने, जो कोहीका लागि प्रस्तुत निबन्धको अध्ययन आवश्यक छ भन्दै आफ्नो समीक्षात्मक टिप्पणी प्रस्तुत गर्ने काम गरेका छन् । उनको यो टिप्पणीमा सञ्जेलको प्रगतिवादी विचारलाई बढी प्रोत्साहन गरेको पाइन्छ ।

श्यामप्रसादले **अनुभूतिका रेखाहरू** (वि.सं. २०५७) निबन्ध सङ्ग्रहको भूमिकामा सञ्जेलका निबनधहरूलाई अनुभवहरूको सजीव प्रस्तुति भनेका छन् । उनको उक्त भूमिकामा सङ्ग्रहमा परेका १८ ओटा निबन्धहरूको बारेमा सङ्क्षिप्त समीक्षा प्रस्तुत गरिएका छन् । निबन्धका प्रत्येक शीर्षकमा रहेर टिप्पणी गर्ने क्रममा श्यामप्रसादले सञ्जेललाई यथार्थवादी निबन्धकारका रूपमा चित्रण गरेका छन् । सरल, सहज भाषाशैली भइकन पनि जोश र जाँगरमा होश र धैर्य पनि मिसाउनुपर्छ भन्दै निबन्धकारको समालोचनात्मक टिप्पणी गर्ने काम गरेका छन् तसर्थ श्यामप्रसादले उक्त भूमिकामा गोपाल सञ्जेलका गुण र दोषलाई केलाई समालोचनात्मक धारणा प्रस्तुत गरेको पाइन्छ ।

राजुराम अधिकारीले **प्रसङ्गवश** (२०६५) निबन्धका भूमिकामा उक्त निबन्धलाई ग्रामीण विकासको कोसेढुङ्गा भनेका छन् । विशेषगरी गाउँले परिवेशका, जनसरोकारका विषयवस्तु र समसामयिक सर्न्भलाई एउटै मालामा उनेर सरकार र सरोकारवाला पक्षलाई घच्घच्याउँदै जनतालाई चनाखो बनाउने र विकासलाई अगाडि बढाउने दिशामा प्रसङ्गवश निबन्ध सङ्ग्रह सफल भएको छ भन्दै यसका सकारात्मक पक्षका बारे विचार विमर्श प्रस्तुत गरेको पाइन्छ । अधिकारीले प्रस्तुत भूमिकामा निबन्धको भाषाशैली सरल, सहज र स्पष्ट रहेको छोटा संवादहरूको प्रयोग गरिएको र समसामयिक सूचनामूलक विषयवस्तुमा निबन्ध लेखिएकाले उत्कृष्ट रहेको चर्चा गरेका छन् । उनको यो भूमिकामा समालोचनात्मक अभिव्यक्ति भन्दा बढी व्यक्तिवादी टिप्पणी गरिएको पाइन्छ ।

देवी नेपालले **मै हराएँ आज** (२०६७) गजल सङ्ग्रहको भूमिकामा हराएको गजलकार शेरहरूमा भेटियो भनी समालोचनात्मक टिप्पणी छन् । सञ्जेलको समाजलाई हेर्ने दृष्टिकोण

तिखो छ भन्दै विषयवस्तुको प्रतीकात्मक प्रस्तुति गजलकारको लोभलाग्दो वैशिष्ट्य हो भनेका छन् । उनका गजलहरूमा नेपाली समाज, मानवजीवन र मानवीय चरित्रमा पाइने खराबीहरूको सजीव ढङ्गले चित्रण गरेका छन् भन्दै उनको गजलकारिताको चर्चा गरेका छन् । अक्षरगत रूपमा सचेत गजल लेखिए तापनि यसमा गति, यति, आरोह, अवरोह आदिको पूर्ण सचेतता आउन सकेको छैन भन्दै सञ्जेलका गजलहरूको समालोचनात्मक टिप्प्णी गर्ने काम गरेका छन् । ठाउँ-ठाउँमा उच्चारण वा लयात्मक पठनमा ठेस लाग्ने स्थिति देखिएकाले अझ परिष्कार गजलको कामना प्रस्तुत भूमिकामा देवी नेपालले गरेका छन् ।

दीनबन्धु शर्माले **विस्मात्** (२०६९) उपन्यासको भूमिकामा सञ्जेलको प्रस्तुत उपन्यासलाई "द्वन्द्वको नालीबेली" भनी टिप्पणी गरेका छन् । यसमा प्रयोग भएको भाषा चित्रात्मक, वर्णनात्मक र कतैकतै ललितपुरको ग्रामीण आञ्चलिकताको समेत राम्रो प्रयोग गरेका छन् भन्दै शर्माले विस्मात् माथि टिका टिप्प्णी गर्ने काम गरेका छन् । उपन्यासको प्राविधिक पक्ष, रूप पक्ष, कलात्मक पक्ष र प्रयोगकारिताको पक्ष उल्लेखनीय छ भन्दै उपन्यासको समग्र लेखन उत्तर आधुनिक नभएर आधुनिक यथार्थवादी लेखन भएकाले पाठकले त्यसकै रूपमा बुझ्नुपर्ने आग्रह शर्माले उक्त भूमिका गरेका छन् ।

## १.५ अध्ययनपत्रको औचित्य र महत्त्व

प्रस्तुत शोधपत्रको अध्यनयबाट साहित्यकार गोपाल सञ्जेललाई नेपाली साहित्यजगत्मा सबैका सामु चिनाउने प्रयास गरिएको छ । त्यस्तै नेपाली साहित्यको विकासका निम्ति गोपाल सञ्जेलले पु¥याएको मुख्य योगदानलाई व्यवस्थित रूपले प्रस्तुत गरिएको छ । सञ्जेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्यनयमा केन्द्रित भई अध्ययन विश्लेषण गर्न चाहनेहरूका लागि प्रस्तुत शोधपत्रको आफ्नै महत्त्व रहेको छ । यिनका बारेमा आजसम्म अध्ययन हुन नसकेको सन्दर्भमा प्रस्तुत शोधपत्रको आफ्नै औचित्य र महत्त्व रहेको छ ।

## १.६ अध्ययनपत्रको सीमाङ्कन

गोपाल सञ्जेल कविता, निबन्ध, गजल, गीत, उपन्यास आदि विधामा कलम चलाउने बहुमुखी प्रतिभा हुन् । यस शोधकार्य उनको जीवनी, व्यक्तित्व र कृतित्वको सर्वपक्षीय अध्ययन विश्लेषणमा केन्द्रित भए पनि सबै कृतिहरूको अध्ययन असम्भव भएकाले उनको **मै हराएँ आज** गजल सङ्ग्रहको अध्ययनमा मात्र प्रस्तुत अध्ययनपत्र केन्द्रित रहेको छ ।

## १.७ सामग्री सङ्कलन विधि

प्रस्तुत अध्ययनपत्रलाई विश्वसनीय र प्रामाणिक एवम् पूर्णता दिने क्रममा सामग्री सङ्कलनका लागि अन्तर्वार्ता तथा पुस्तकालयीय विधिलाई आत्मसात् गरिएको छ । गोपाल सञ्जेलका कृति नै प्रस्तुत शोधकार्यको कृतित्वका लागि प्राथमिक स्रोतका सामग्री हुन् भने जीवनी र व्यक्तित्व जानकारीका लागि स्वयम् शोधनायक प्राथमिक स्रोतका सामग्री हुन् । यसका लागि अनुसन्धेय व्यक्तिसँग प्रत्यक्ष भेटघाट र सम्पर्कबाट लिखित एवम् मौखिक रूपमा आवश्यक जानकारी लिइएको छ । यसका साथै उनका परिवार, आफन्त र निकटका व्यक्तिहरूलाई भेट गरी लिखित र मौखिक रूपमा आवश्यक अन्तर्वार्ताका माध्यमबाट यथासम्भव जानकारी प्राप्त गरी आवश्यक सामग्री र सूचना सङ्कलन गरिएको छ । सञ्जेलका पुस्तकाकार कृतिका अग्रभागमा लिखित भूमिका र मन्तव्यलाई पनि सहायक सामग्रीका रूपमा लिइएको छ ।

## १.८ अध्ययनपत्रको रूपरेखा

प्रस्तुत अध्ययनपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित अध्यायहरूमा वर्गीकरण गरिएको छ :

अध्याय एक : अध्ययनपत्र परिचय

अध्याय दुई : साहित्यकार गोपाल सञ्जेलको जीवनीको अध्ययन

अध्याय तीन : गोपाल सञ्जेलको व्यक्तित्वको अध्ययन

अध्याय चार : गोपाल सञ्जेल र उनको **मै हराएँ आज** गजल सङ्ग्रहको अध्ययन

अध्याय पाँच : उपसंहार

सन्दर्भसामग्री सूची

# अध्याय दुई

## गोपाल सञ्जेलको जीवनीको अध्ययन

### २.१ पृष्ठभूमि

कुनै पनि व्यक्तिको जन्म कुनै वंशमा आधारित हुन्छ । विना वंश परम्परा जीवनको परिकल्पना सम्भव छैन । कुल, परम्परा, धर्मसंस्कार, रीतिरिवाजअनुसार वंश पत्ता लगाइन्छ । गोपाल सञ्जेलको जन्म ललितपुर जिल्लाको इकुडोल गाउँ विकास समिति वडा नं. ६ मा पिता हरिबहादुर सञ्जेल र माता खलकुमारी सञ्जेलका कोखबाट भएको हो । साहित्य र समाजसेवामा रुचि राख्ने सञ्जेल एक कुशल राजनीतिककर्मी समेत हुन् । जीवनबाट राजनीतिमा प्रवेश गरेका सञ्जेल गा.वि.स. अध्यक्ष समेत भइसकेका छन् । उनका यनै विविध पक्षहरूबारे यस अध्यायमा चर्चा गरिएको छ ।

### २.२ जन्म र जन्मस्थान

गोपाल सञ्जेलको जन्म वि.सं. २०२६ साल जेठ महिनाको ५ गते बागमती अञ्चल ललितपुर जिल्लाको इकुडोल गा.वि.स. वडा नं. ६ मा भएको थियो । बुबा हरिबहादुर सञ्जेल र आमा खलकुमारी सञ्जेलका कोखबाट सातौं सन्तानका रूपमा गोपाल सञ्जेलको जन्म भएको हो । सामान्य निम्न मध्यम वर्गीय परिवारमा जन्मिएका गोपाल सञ्जेलको बाल्यकाल सामान्य ढङ्गले बितेको पाइन्छ । परिवारको सातौं सदस्यका रूपमा जन्म लिन पुगेका सञ्जेल परिवारका अत्यन्त प्रिय पात्र थिए ।

### २.३ बाल्यकाल

गोपाल सञ्जेलको बाल्यकाल माता पिताको कुशल संरक्षण र संवर्द्धनमा व्यतीत भयो । रामजी, बासु, मैया, कृष्ण आदिजस्ता साथीहरूसँग गट्टा, लुकामारी, कपर्ती, भकुण्डो आदि खोल्ने सञ्जेलको बाल्यकाल रोमाञ्चकसाथ बित्यो । सानैदेखि थोरै बोल्न मन पराउने स्वभाव भएका गोपाल सञ्जेल बाल्यकालमा आफ्ना दाइको मुरली बनाउने र बजाउने कार्यबाट प्रभावित थिए । आफू पनि बाँसको मुरली बनाउने र दाइसँगै बजाउने गर्दथे ।

सञ्जेलको जन्म सामान्य किसान परिवारमा भएकाले सानै उमेरदेखि घाँस, दाउरा गर्ने र गोठालो जाने कार्य गर्नुपर्थ्यो । गोठालो गएका बेला बाँसुरी बजाउने र फर्कदा गाईवस्तुलाई घाँस, सोत्तर, दाउरा ल्याउनपर्ने बाध्यता सञ्जेललाई थियो । तसर्थ गोपाल सञ्जेलको बाल्यकाल बढो चुनौतिपूर्ण ढङ्गले बितेको पाइन्छ । आधाघण्टा टाढा पँधेराको पानी र दुई/अढाइ घण्टा टाढाको घट्टको पीठो ओसारेको अनुभूति पनि छ सञ्जेलको ।

## २.४ शिक्षादीक्षा

गोपाल सञ्जेलको प्रारम्भिक शिक्षादीक्षा घरपरिवारबाटै भएको पाइन्छ । औपचारिक शिक्षा भने ९ वर्षको उमेरमा इकुडोल प्राथमिक विद्यालयबाट हुन पुगेको देखिन्छ । विभिन्न विद्यालयहरूमा औपचारिक शिक्षा लिन पुगेका सञ्जेलको इकुडोल-६ कै सन्तोष शान्ति प्राथमिक विद्यालयबाट कक्षा ३ सम्मको अध्ययन पूरा गरेको थाहा हुन्छ । त्यसपछि उनको पारिवारमा पिताको असमाहिक निधनले बज्रपात परेको थियो । पारिवारिक पीडा, आर्थिक अभावका कारणले ३ वर्षसम्म पढाइ रोकिन विवश हुन्छन् र ३ वर्षपछि मात्र कक्षा ४ मा भर्ना हुन पाएका सञ्जेलले घरको आर्थिक अवस्थाका कारण विद्यालयको मासिक शुल्क, परीक्षा शुल्क आदिसमेत बुझाउन नसकी फेरि डेढ वर्ष पढाइ छोडेको पाइन्छ । डेढ वर्षपछि जन जागृति नि.मा.वि.मा एकैपटक कक्षा ६ मा भर्ना हुने अवसर पाएका सञ्जेल कक्षा सातसम्मको अध्यन उक्त विद्यालयबाटै समाप्त गरेका हुन् । डेढ वर्ष पढाइ छाडेर बसेका सञ्जेललाई कक्षा ६ मा भर्ना गर्ने काममा श्री जन जागृति नि.मा.वि. का प्र.अ. बुद्धि तामाङको महत्त्वपूर्ण योगदान रहेको छ । आर्थिक अभावबाट पिल्सिएका गोपाल सञ्जेललाई एउटा डटपेन र तीनवटा कापी किनिदिएर उनलाई कक्षा ६ मा भर्ना गरिदिएका थिए । त्यही डटपेन र कापीका भरमा सञ्जेलले कक्षा ६ को पढाइ पूरा गरेको बुझिन्छ । पुस्तकविना कक्षा ६ को पढाइ सकेका गोपाल सञ्जेलले पुस्तकविना पढ्नु पर्दाको पीडा बुझेका थिए, तसर्थ कक्षा ७ को किताब किन्नका लागि पैसा कमाउने विचार गरे । आफ्नो घर वरिपरि वनपाखाबाट नुनढिकी, जटामसी, पाखनवेदजस्ता जडिबुटीहरू सङ्कलन गरी बेचेर आएको पैसाले किताबहरू किने । वि.सं. २०४० सालमा उनले कक्षा ६ उत्तीर्ण गरी कक्षा ७ मा भर्ना गरे । उक्त जन जागृति नि.मा.वि.मा कक्षा सातसम्म मात्र भएकाले माथिल्लो तहको अध्ययन गर्न उनी महाङ्काल मा.वि.स गोटीखेलमा भर्ना हुन पुगे । उक्त विद्यालयबाटै

वि.सं. २०४४ सालको एस.एल.सी. परीक्षामा गोपाल सञ्जेल उत्तीर्ण भए । राजनीतिमा सामान्य रुचि राख्ने गोपाल सञ्जेल त्यसपछिका केही वर्षहरू राजनीति गर्नमा नै बिताए र प्रमाणपत्र तहको अध्ययन भने यिनले पाट संयुक्त क्याम्पस पाटन ढोकाबाट २०४७ सालमा पूरा गरे । त्यसपछि त्रि.वि.बाट प्राइभेट फर्म भरी गोपाल सञ्जेलले स्नातकसम्मको अध्ययन पूरा गरे । कम्युनिष्ट राजनीतिमा सक्रिय सञ्जेल २०४९ र २०५४ सालको स्थानीय निकायको चुनावमा दुई पटक इकुडोल गा.वि.स.को अध्यक्ष समेत बन्न पुगे । जसका कारण उनको औपचारिक शिक्षा भने त्यहाँ भन्दा अगाडि बढ्न सकेन ।

## २.५ दाम्पत्य जीवन र सन्तान

गोपाल सञ्जेलको विवाह रौतहट चन्द्रनिगाहापुर-१ निवासी बोधकुमारी घिमिरेसँग वि.सं. २०५५ साल असार १७ गते सु-सम्पन्न भएको हो । विवाह हुँदा सञ्जेको उमेर २९ वर्षको थियो । गोपाल सञ्जेलको विवाह हिन्दु धार्मिक परम्पराअनुसार 'मागी विवाह' भएको हो । उनीहरूको विवाह भएको दुई वर्षपछि वि.सं. २०५७ साल भदौ ७ गते प्रथम सन्तानका रूपमा छोरी सदिच्छाको जन्म भएको पाइन्छ । छोरी सदिच्छा हाल झरुवाराशी-९ को बज्र एकेडेमी स्कुलमा कक्षा सातमा अध्ययनरत छिन् । श्रीमती बोधकुमारी भने हाल डुकुछाप उप-स्वास्थ्य चौकी डुकुछापमा स्वास्थ्यकर्मी 'अनमी' का रूपमा कार्यरत रहँदै आएकी छिन् ।

## २.६ पेसागत संलग्नता

राजनीतिमा चासो राख्ने गोपाल सञ्जेल वि.सं. २०४४ सालमा शिक्षण पेशामा संलग्न भएका थिए । गाउँकै शारदा शिक्षा सदन प्रा.वि.मा शिक्षकको रूपमा काम गरेका सञ्जेललाई करिब डेढ वर्षपछि वि.सं. २०४५ सालमा जागिरबाट बिदा गरेको देखिन्छ । गाउँमा पञ्चहरूको बिगबिगी भएकाले कम्युनिष्ट विचारधारालाई आत्मसात् गरी राजनीति गर्ने सञ्जेलले जागिरबाट हात झिक्नु पऱ्यो । त्यसभन्दा अगाडिबाट नै ललितपुरको पहाडी भेगका १८ वटा गा.वि.स.को इलाका कमिटी गठन भएको थियो । उक्त कमिटीमा गोपाल सञ्जेलले समेत पूर्णकालीन कार्यकर्ताको रूपमा जिम्मेवारी पाएका थिए । जागिरबाट बिदा भएपछि उनलाई पार्टीले थप जिम्मेवारी प्रदान गऱ्यो । कम्युनिष्ट राजनीतिमा सक्रिय

सञ्जेल वि.सं. २०४९  र २०५४ सालको स्थानीय निकायको निर्वाचनमा दुवै पटक इकुडोल गा.वि.स.को अध्यक्ष पदमा निर्वाचित बने । समाजसेवी व्यक्ति भएका कारण वि.सं. २०५० देखि २०५८ सालसम्म ग्रामीण सामुदायिक विकास संस्था त्यस्तै २०५७ सालबाट ०६६ सम्म दक्षिण ललितपुर ग्रामीण विद्युत सहकारी-बोर्डको विभिन्न पदमा रही काम गरे । वि.सं. २०६३ सालदेखि हालसम्म सुनगाभा साहित्य सदन गोटीखेल चन्द्रनपुरको उपाध्यक्ष भई काम गरिरहेका छन् ।

## २.७ प्रकाशित पुस्तकाकार कृतिहरू

नेपाली साहित्यको सेवा गर्ने क्रममा गोपाल सञ्जेल नेपाली साहित्यका विविध फाँटमा देखापरेका छन् । यिनले कविता, निबन्ध, गीत, गजलका साथै उपन्यास लेखनमा समेत हात हालेका छन् । यसरी विविध विधामा पुस्तकाकार कृतिको रचना गर्न सक्षम सञ्जेल प्रतिभाशाली साहित्यकार हुन् । हालसम्म उनका पुस्तकाकार कृतिको विवरण सूची प्रकाशन वर्षका आधारमा तल दिइएको छ :

| क्र.सं. | कृतिहरू | विधा | प्रकाशन वर्ष |
|---|---|---|---|
| १. | उज्यालो बाटोतिर | कविता सङ्ग्रह | २०४८ |
| २. | अनुभूतिका रेखाहरू | निबन्ध सङ्ग्रह | २०५७ |
| ३. | परिवर्तनको पक्षमा | निबन्ध सङ्ग्रह | २०६३ |
| ४. | प्रसङ्गवश | निबन्ध सङ्ग्रह | २०६५ |
| ५. | मै हराएँ आज | गजल सङ्ग्रह | २०६७ |
| ६. | बिस्मात | उपन्यास | २०६९ |

## २.८ जीवनदर्शन र साहित्यिक मान्यता

मानव जीवनमा दर्शनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि साहित्यकारका धारणा र मान्यता उसको अध्ययन रचनात्मक कार्य, सामाजिक संस्थाप्रतिको आबद्धता, जीवन जगत्‌बाट प्राप्त प्रभाव र प्रेरणाबाट निश्चित भएका हुन्छन् । मार्क्सवादी विचारधाराबाट प्रभावित सञ्जेलले आफ्ना कृतिहरूमा भौतिकवादी जीवनदृष्टिलाई मूल मार्ग बनाएका छन् । यसरी हेर्दा उनको जीवन द्वन्द्वात्मक भौतिकवादी जीवन दर्शनबारे प्रभावित

छ भन्न सकिन्छ । लामो समयसम्म कम्युनिष्ट राजनीतिमा सक्रिय सञ्जेलका अधिकांश रचनाहरू नितान्त व्यक्तिगत जीवनमा घटेका घटनाहरूलाई आत्मसात् गरी संरचित छन् । साहित्यलाई देखाइ, भोगाइको प्रस्तुति मान्ने सञ्जेल आफ्ना साहित्यिक रचनाहरूमा आफैं उपस्थित भएका छन् । आफ्नै जीवनमा घटेका घटनाहरूलाई यथार्थपरक ढङ्गबाट प्रस्तुत गर्न गोपाल सञ्जेल सफल छन् । राजनीति र साहित्यलाई एकै ठाउँमा जोडेर आफ्नो व्यक्तिगत जीवनको प्रस्तुति गर्न सफल सञ्जेल देखाइ भोगाइको सजीव प्रस्तुति नै साहित्य हो भन्दछन् । तसर्थ उनको साहित्यिक मान्यतामा यथार्थ जीवनको सचित्र प्रस्तुतिलाई महत्त्वपूर्ण स्थान दिइएको पाइन्छ ।

## २.९ आर्थिक अवस्था

निम्न वर्गीय पारिवारिक आर्थिक अवस्थाबाट गुज्रिएका गोपाल सञ्जेलको आर्थिक अवस्था सामान्य देखिन्छ । बाल्यकालमा स्कुलको फिस तिर्न नसकेर केही वर्ष पढाइ समेत गुमाउन पुगेका सञ्जेलले आफू ठूलो भएपश्चात् भने आर्थिक अवस्थामा सुधार गरेको पाइन्छ । ललितपुर जिल्लाको इकुडोल ६ चिलाथुम्कामा जन्मिएका सञ्जेल हाल चापागाउँ गा.वि.स. को वडा नं. ४ मा बस्दै आएका छन् । त्यहाँ उनको ५ आना जग्गामा बनेको एक तले पक्की घर समेत रहेको छ ।

## २.१० भ्रमण

गोपाल सञ्जेलको सानैदेखि भ्रमणमा रुचि थियो । तसर्थ यिनले नेपालका आधाभन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेका छन् । पूर्वमा इलाम, झापा, मोरङ, सुनसरीदेखि पश्चिममा कञ्चनपुर, डडेल्धुरासम्मका आंशिक जिल्लाहरूको भ्रमण गरेका छन् । गोपाल सञ्जेल सामाजिक कार्यकर्ता समेत भएकाले देशभित्र मात्र होइन देश बाहिर समेत भ्रमण गर्ने अवसर पाएका छन् । जसमा थाइलैण्ड, नेदरलैण्ड, फ्रान्स, बेल्जियम, जर्मन, भारतजस्ता देशहरूको भ्रमण गर्ने अवसर पाएका छन् । त्यस्तै "सामुदायिक स्वास्थ्यमा" डिप्लोमा कोर्ष गर्न दक्षित भारत समेत गएका छन् । त्यहाँ रहँदा उनले महाराष्ट्र, चेन्नाइ, गोवा, मुम्बई आदि ठाउँको समेत भ्रमण गर्ने मौका पाएका छन् । त्यस्तै बज्र फाउण्डेशनले उनलाई

शैक्षिक अध्ययन भ्रमणमा युरोपसमेत लगेको छ । यसरी देशभित्र र बाहिर विभिन्न ठाउँहरूको भ्रमण गरेकाले उनको जीवन यात्रामूलक र गतिशील रहेको देखिन्छ ।

## २.११ व्यक्तिगत रुचि र स्वभाव

गोपाल सञ्जेलको पढ्ने, लेख्ने र ठाउँ-ठाउँमा घुम्न जाने विशेष रुचि पाइन्छ । उनको स्वभाव थोरै बोल्ने अथवा आवश्यक परेको कुरा मात्र बोल्ने प्रवृत्तिको छ । तडकभडक गरेर हिड्ने, उदण्ड स्वभावका मान्छेहरू उनलाई मन पर्दैन । साधारण जीवन व्यतीत गर्ने व्यक्तिहरू उनका प्रिय मित्र बन्छन् । गरिब तथा निर्दोष मान्छेका पीर-व्यथाहरू सुन्न उनी बढी आतुर हुन्छन् । खानामा ढिडो, साग र दही उनलाई असाध्यै मन पर्छ । यसका अलावा उनको समाज सेवामा विशेष रुचि रहेको पाइन्छ । १० वर्षसम्म गा.वि.स. अध्यक्ष बनेका गोपाल सञ्जेल हाल विभिन्न साहित्यिक र सामाजिक संघ-संस्थाहरूमा आबद्ध भई कार्य गर्दै आइरहेका छन् । उनको स्वभाव अत्यन्त मिजासिलो, सहयोगी, आफ्ना कुरा खुलस्त राख्न सक्ने, कसैसँग नदब्ने, विश्वासिलो एवम् मिलनसार व्यक्तित्व उनको पाइन्छ ।

## २.१२ सम्मान तथा पुरस्कार

सम्मान तथा पुरस्कार हरेक कर्मशील व्यक्तिको निम्ति उत्साह र प्रेरणाको स्रोत बन्छ । नेपाली भाषा साहित्यमा लेख, निबन्ध, गजल, उपन्यास, कविताजस्ता विधामा कलम चलाउने सञ्जेलले विभिन्न संघ-संस्थाबाट विभिन्न सम्मान तथा पुरस्कार पाएका छन् । जसको विवरण तल प्रस्तुत गरिन्छ :

(क) हिमशिखर सामुदायिक विकास संस्थाद्वारा सम्मान तथा प्रशंसा पत्र

(ख) सञ्जेल बन्धु समाजद्वारा सम्मानित

(ग) जन जागृति उ.मा.वि.द्वारा सम्मान तथा प्रशंसा पत्र

(घ) श्रमिक हित सहकारी संस्थाद्वारा सम्मानित

## २.१३ निष्कर्ष

वि.सं. २०२६ साल जेठ ५ गते बाग्मती अञ्चल, ललितपुर जिल्लाको इकुडोल गा.वि.स. वडा नं ६ मा जन्मेका गोपाल सञ्जेलको बाल्यकाल त्यही बितेको थियो । प्राथमिक तहको शिक्षा लिने क्रममा कक्षा ३ सम्मको अध्ययन श्री सन्तोष प्रा.वि., कक्षा ४ विज्ञान प्रभा प्रा.वि., कक्षा ६ र ७ को अध्ययन श्री जन जागृति नि.मा.वि. र कक्षा ८, ९ र १० को अध्ययन भने महाङ्काल उच्च मा.वि.बाट भएको पाइन्छ । प्रमाणपत्र तहको अध्ययन पाटन संयुक्त क्याम्पस पाटनढोका र स्नातक तहको अध्ययन भने त्रि.वि.बाट प्राइभेट फर्म भरी गरेको देखिन्छ । वि.सं. २०५५ साल असार १५ गते चन्द्रनिगाहापुर-१ निवासी बोधकुमारी घिमिरेसँग विवाह बन्धनमा बाँधिएका सञ्जेलकी एक छोरी छिन् । वि.सं. २०४४ सालमा गाउँकै शारदा सदन प्रा.वि. मा करिब डेढ वर्ष शिक्षण पेशामा रहेका सञ्जेल एक कुशल राजनीतिकर्मी समेत हुन् । २०५४ सालको स्थानीय निकायको निर्वाचनमा इकुडोल गा.वि.स.को पुनः अध्यक्ष पदमा निर्वाचित सञ्जेल एक कुशल साहित्यकार समेत हुन् । देखाइ र भोगाइको सजीव प्रस्तुति नै साहित्य मान्ने सञ्जेलका आधा दर्जन कृतिहरू बजारमा आएका छन् । जसमा कविता, निबन्ध, गजल सङ्ग्रहका साथै उपन्यास समेत रहेको छ । लेखन पठनमा विशेष रुचि राख्ने सञ्जेल गम्भीर स्वभावका व्यक्ति हुन् । थोरै बोल्ने बानी उनको छ । विभिन्न कार्यका सिलसिलामा नेपालका आधाभन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेका सञ्जेल देश बाहिर भारत, थाइलैण्ड, नेदरलैण्ड, फ्रान्स, बेल्जियम, जर्मन आदिजस्ता देशहरूको भ्रमण गरिसकेका छन् । विभिन्न संघ संस्थाहरूबाट सम्मानित सञ्जेल एक कर्मशील जुझारु व्यक्तिका रूपमा उपस्थित छन् । सामाजिक संघसंस्थाहरूमा काम गर्दा सञ्जेलले देशका राष्ट्रियस्तरका संस्थाहरूको साथै युनिसेफ, युएनडिपी, अनमिन, युएसएड, रेडक्रसजस्ता अन्तर्राष्ट्रिय संस्थाहरूको तर्फबाट छोटा तथा लामा अवधिका तालिम, गोष्ठी, कार्यशालाहरूमा सहभागी भएका प्रमाणपत्र प्राप्त गरेका छन् । सामुदायिक विकासका प्रशिक्षक, प्रशिक्षण, तालिम लिएका छन् । सक्रिय राजनीतिबाट ओझेलिएका सञ्जेल एक दशकमा सामाजिक विकासकर्मी, कुशल प्रशिक्षक, नागरिक समाजको अगुवा र विभिन्न विधाको सशक्त लेखकको छवि बनाउन सफल छन् ।

# अध्याय तीन

## गोपाल सञ्जेलको व्यक्तित्वको अध्ययन

### ३.१ पृष्ठभूमि

व्यक्तित्व शब्दले व्यक्तिमा हुने विशेषता, गुण वा निजीपनलाई बुझाउँछ । त्यस्तै गोपाल सञ्जेलको पनि आफ्नै व्यक्तित्व रहेको छ । व्यक्तित्व निर्माणमा व्यक्तिको पारिवारिक, सामाजिक, साँस्कृतिक, आर्थिक एवम् राजनीतिक पृष्ठभूमिले महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । यिनका अतिरिक्त शिक्षादीक्षा, रुचि, पेशा, साथी सङ्गत र जीवन जगत्प्रतिको दृष्टिकोणले पनि व्यक्तित्व निर्माणमा उल्लेखनीय भूमिका निर्वाह गरेको हुन्छ । बाह्य व्यक्तित्व उसको रूप, रङ, बनोट अर्थात् समग्र शारीरिक व्यक्तित्वसँग सम्बद्ध हुन्छ । आन्तरिक व्यक्तित्व उसमा अन्तर्निहित गुण, स्वभाव र समग्रमा उसले जीवनमा गरेका महत्त्वपूर्ण कार्यहरूसँग सम्बद्ध हुन्छ ।

गोपाल सञ्जेलले ४३ वर्षको जीवनकालमा धेरै महत्त्वपूर्ण कार्यहरू गरेका छन् । नेपाली साहित्यको समुन्नतिका लागि अथक मिहिनेत गरेका छन् । शारीरिक बनोट र उनले गरेका विविध कार्यहरूका आधारमा उनको व्यक्तित्व बहुआयामिक रहेको पाइन्छ । तसर्थ बहुआयामिक व्यक्तित्वका रूपमा उनको योगदान पहिचान गर्न सकिन्छ । सञ्जेलका यिनै व्यक्तित्वका पाटाहरूको चर्चा तल गरिएको छ ।

### ३.२ शारीरिक व्यक्तित्व

शारीरिक संरचनाका दृष्टिले गोपाल सञ्जेलको बाह्य व्यक्तित्व गहुँगोरो वर्ण, मझौला कद र गम्भीर मुहारमा खुलेको देखिन्छ । त्यस्तै चम्किला आँखा, गोलो अनुहार, टम्म मिलेको ओठ, पुष्ट गाला, ५ फिट ६ इन्च उचाइ, ६५ के.जी. तौल उनको बाह्य शारीरिक रूप हो । सरल र मिजासिलो स्वभाव भएका सञ्जेल सबै उमेर र वर्गका व्यक्तिसँग सम्बन्ध राख्ने गर्दछन् । शान्त, नम्र र गम्भीर स्वभावका गोपाल सञ्जेलको प्रत्यक्ष अनुभव गर्न सकिने कुरा हो । सञ्जेलको बोलीमा नम्रता पाइन्छ भने स्पष्ट अभिव्यक्ति तर

कम बोल्ने बानीले अन्यभन्दा भिन्न व्यक्तित्व भएको अनुभव हुन्छ । गोपाल सञ्जेल सामान्यतः सर्ट, पाइन्ट आदि पहिरनमा निस्कने गर्दछन् । समाजमा अपहेलित भएका गरिब, सोझा व्यक्तिहरूका मनको कुरा सुन्न पाउँदा र उनीहरूलाई सहयोग गर्न पाउँदा अत्यन्त हर्षित हुने गोपाल सञ्जेलको व्यक्तित्व उच्च र सौहार्दपूर्ण किसिमको देखिन्छ । आकर्षक शारीरिक बनावट, भद्र तथा शालीन स्वभाव र मिजासिलो प्रवृत्तिले गोपाल सञ्जेलको शारीरिक व्यक्तित्व झल्कन्छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिलाई कुनै पनि उच्च स्थानमा पुऱ्याउने व्यक्तित्व भनेको आन्तरिक व्यक्तित्व हो । जुन सबैका लागि ज्ञानबर्द्धक र प्रेरणापद हुन्छ । गोपाल सञ्जेलको बाह्य व्यक्तित्व आकर्षक हुँदाहुँदै पनि आन्तरिक व्यक्तित्व झनै प्रखर पाइन्छ । स्वच्छ, निश्छल बानी व्यवहार र आचरण भएका सञ्जेल समस्यासँग नडराउने संघर्षशील व्यक्तिका रूपमा देखा पर्छन् । चाकरी चाप्लुसी खासै मन नपराउने सञ्जेल सधैं स्वावलम्बी भएर बाँच्न चाहन्छन् । दुःखीको सेवा गर्नु आफ्नो धर्म सम्झने सञ्जेल अरूको कुरा ध्यानपूर्वक सुनी समस्याको समाधान गरीदिन पाउँदा खुसी हुन्छन् । प्रकृतिप्रेमी स्वभावका गोपाल सञ्जेल कविता, निबन्ध, गजल र उपन्यासजस्ता साहित्यिक विधाहरूमा कलम चलाउँछन् । सदा गम्भीर, नम्र, शान्त, शिष्ट र मृदुभाषी स्वभावका उनी कार्यमा लगनशीलता र इमान्दारिता हुनुपर्ने विचार राख्दछन् । समाजसेवी स्वभावका सञ्जेल शालीन, भद्र, मिलनसार, सहयोगी, उत्साही र उदाहरणीय व्यक्तित्वको रूपमा उपस्थित छन् ।

## ३.४ साहित्यिक व्यक्तित्व

भाषा साहित्यलाई आफ्नो अनवरत साधना ठान्ने गोपाल सञ्जेल साहित्यका विविध विधाहरूमा कलम चलाउँछन् । निबन्ध, कविता, गीत, गजलदेखि लिएर साहित्यको बृहत विधा उपन्याससम्मको लेखन यिनले गरेका छन् । त्यति मात्र होइन विभिन्न पत्रपत्रिकामा स्तम्भकारको रूपमा समेत चिरपरिचित भइसकेका गोपाल सञ्जेल नेपाली भाषा र साहित्यप्रति प्रतिबद्ध रहेका छन् ।

### ३.४.१ कवि व्यक्तित्व

गोपाल सञ्जेलको साहित्यिक यात्रा २०४४ सालदेखि सुरू हुन्छ । १८ वर्षको उमेरमा "तेरो गीत रेडियोले किन गाउँदैन नानी" शीर्षकको कविता जनआस्था पत्रिकामा प्रकाशित गरी सञ्जेल साहित्यको क्षेत्रमा प्रवेश गरेको पाइन्छ । वि.सं. २०४८ सालमा "उज्यालो बाटोतिर" कविता सङ्ग्रह प्रकाशित गरी काव्यको क्षेत्रमा थप टेवा पुऱ्याएको देखिन्छ । उक्त सङ्ग्रहमा सङ्ग्रहित सबै कविताहरू गद्यात्मक शैलीमा संरचित छन् । यिनै कविताहरूबाट उनीभित्रको कवि व्यक्तित्व स्पष्ट रूपमा देख्न सकिन्छ । उक्त सङ्ग्रहमा सङ्ग्रहित कविताहरूको शीर्षक यसप्रकार रहेका छन् :

**(क) 'उज्यालो बाटोतिर' कविता सङ्ग्रहभित्रका कविताका शीर्षकहरू :**

(१) सामन्तीको दूत अनिकाल

(२) अजम्बरी रुखहरू

(३) मुक्तिको लहर

(४) देश हाम्रो जिम्मामा छ

(५) तब मात्र हाम्रो चहलपहल हुन्छ ।

(६) बुढी आमाको बिलौना

(७) घडीको सुई कुदेकै हुन्छ ।

(८) एउटा छोटो प्रसङ्ग

(९) नहेप हामीलाई

(१०) प्यारा भाइहरू

(११) उज्यालो बाटोतिर

(१२) अनिकालको आहान

(१३) उसको अठोट

(१४) दशैं

(१५) सङ्घर्षमा जान आमासँग बिदाई !

(१६) मेरो देशले दिएको मलाई ज्यान !

(१७) सहिदकी दिदी

(१८) सहिद कान्छा तामाङ

(१९) तेरा गीत रेडियोले किन गाउँदैन नानी

(२०) होसियार !

(२१) किन हो एउटै बाटो हिँड्न पनि छुट्टाछुट्टै ?

(२२) सावधान !

(२३) नारी हुन् आमा

(२४) ती दिदीको असामयिक निधन

(२५) अरे यार तिमी पनि जनताको राजनीति गर्ने ?

(२६) तिम्रो काम र हाम्रो काम

(२७) खबरदार नेपाली काङ्ग्रेसी

(२८) गीत गाउँ हजूर गीत गाउँ

(२९) म गरिबकी छोरी

(३०) के हो यो !

(३१) प्रजातन्त्रको सवाई

यसरी गोपाल सञ्जेलका कविताहरू विषयवस्तु र भावमा संरचित छन् । जसबाट उनी नेपाली साहित्यमा एक सफल कविका रूपमा उपस्थित छन् ।

### ३.४.२ निबन्धकार व्यक्तित्व

बहुआयामिक व्यक्तित्वका धनी गोपाल सञ्जेलको अर्को महत्त्वपूर्ण व्यक्तित्व निबन्धकार व्यक्तित्व हो । 'नेपाली साहित्यकोश' ले निबन्धको अर्थ "भावनाको कणहरूलाई अभिव्यक्तिका शिल्पमा सिलसिलाबद्ध ढङ्गले सङ्ग्रहित गर्नु वा व्यवस्थित ढङ्गले व्यक्त गर्नु हो" भनेको छ । यही साहित्यिक विधाप्रतिको अनुरागले गर्दा गोपाल सञ्जेल निबन्धात्मक

कृतिहरूको रचना गरी नेपाली साहित्य जगत्मा निबन्धकार व्यक्तित्वका रूपमा स्थापित छन् । उनका अनुभूतिका रेखाहरू, परिवर्तनको पक्षमा र प्रसङ्गवश गरी तीनओटा निबन्ध सङ्ग्रह बजारमा आएका छन् । जसभित्र ८९ ओटा निबन्धहर सङ्ग्रहित छन् । ती सङ्ग्रहभित्र भएका निबन्धहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**(ख) 'परिवर्तनको पक्षमा' निबन्धभित्रका शीर्षकहरू**

(१) समाजलाई सकारात्मक दृष्टिमा हेर्दा

(२) हेपेर भनिएको हो मुसहर

(३) मुठीदानको रेडियो मदनपोखरा

(४) राज्यविहीन लालबहादुर

(५) डडेल्धुराको फिल्डवर्क

(६) विकेन्द्रीकरण कि व्यक्तिकरण

(७) ललितपुरको "कर्णाली" का कुरा

(८) जनजीवन उठाउन सहकारिता

(९) चेलीबेटी बेचबिखनमा राज्यको संरक्षण

(१०) शताब्दी बिताएको नेपाली बिजुली

(११) मुखरित सामुदायिक ग्रामीण विद्युतीकरण

(१२) ललितपुरको स्वास्थ्य : नागरिक दृष्टिले नियाल्दा

(१३) स्वास्थ्यमा बिमा र विकेन्द्रीकरण

(१४) स्वास्थ्यसेवाको व्यवस्थापनमा स्वास्थ्य बिमा प्रणाली

(१५) समर्पित छन् : महिला स्वास्थय स्वयम् सेविकाहरू

(१६) सरकार शासक होइन, सहजकर्ता हुनुपर्छ ।

(१७) शिक्षण

(१८) कमैया

(१९) झमकको चमक

(२०) बन्नुपर्छ अरू धेरै "बलिदान" र "दर्पण छायाँ"

(२१) लोकतन्त्रको लडाइ

**(ग) 'प्रसङ्गवश' निबन्ध सङ्ग्रहमा सङ्ग्रहित निबन्धहरू**

(१) सिडिएमए फोनमा विद्युत्को परिप्रयोग

(२) उपचार अस्पतालकै

(३) शिक्षामा नाटक नदेखाऊ

(४) विकासको वाहक जनतालाई बनाऊ

(५) गरिबी त परिणाम हो

(६) स्मृतिका जीवित अनुहार

(७) जनतालाई ओठे जवाफ

(८) दशैं पनि अवसर हुन्थ्यो

(९) दलका उपभोक्ता समिति

(१०) धैर्यताको बाँध नफुटाऊ

(११) सहकार : सबै क्षेत्र

(१२) स्याबास पाउने शशीधरलाई......

(१३) बिजुली बलेपछिको अर्थतन्त्र

(१४) राजनीतिले राज गर्नुपर्छ ।

(१५) जनता जाग्ने उत्तम उपाय

(१६) जिल्ला अस्पताल भेटिने भो ?

(१७) शेयर कारोबारमा कृषक

(१८) के हो लोडसेडिङ भनेको ?

(१९) तोर जमिन पर

(२०) शनिशुल्क स्वास्थ्य सेवा

(२१) नागरिक समाज पाँचौं अङ्क

(२२) सहर पनि अँध्यारै ?

(२३) ज्योति एकेडेमी प्रा.लि.

(२४) मकै खेती गर्न नमानेको मन

(२५) प्युटारको परिवर्तन

(२६) उपेक्षा भो आचारसंहिताको

(२७) निर्वाचनमा संयमता देखाऔं

(२८) नयाँ युगलाई स्वागत गरौं ।

(२९) अभिमत : आमूल परिवर्तनको

(३०) आत्तिनु र मात्तिनु दुवै भएन

(३१) “हस्तिनापुर” हारेको होइन

(३२) मुलमुद्दा संविधान निर्माण

(३३) असारको अभारो

(३४) दक्षिण ललितपुरको ‘सेतो सुन’

(३५) विद्यार्थी फेल नगर

(३६) सबैलाई पढाउने योजना बनाऊ

(३७) जिल्लामा ‘असारे मेला’ भर्नु ओ ?

(३८) राष्ट्रपतिमा अल्झेको राज्य

(३९) जापानले जानेन नि

(४०) ‘चराको गुँड’ मा मान्छेको धमाका

(४१) दक्षिण ललितपुरलाई दया ?

(४२) नल्लुले कोसीको रूप लिन के बेर ?

(४३) मन्त्रीको जागिर

(४४) जि.वि.स.भित्रको ‘लेआउट’

(४५) युवा भौंतारिएर देश भाँडिन्छ

(४६) थाई; हरक्षेत्रमा हाइहाइ

(४७) नपाइने स्वास्थ्य सेवा निःशुल्क

(४८) बालमैत्री विद्यालय वातावरण

(४९) ललितपुरको निर्वाचन पर्यवेक्षण

(५०) युवा सङ्गठनहरूका कार्यसूची

(५१) सहकारी आयाममा ‘आइसब्रेक’

## (घ) ‘अनुभूतिका रेखाहरू’ निबन्धमा सङ्ग्रहित निबन्धहरू

(१) शिक्षा

(२) राजनीति

(३) प्युखाको जुलुश

(४) मुद्दा

(५) फेरि पनि मुद्दा

(६) चलानी नम्बर ४१३

(७) अशान्तिले बुहारी भएकी शान्ति

(८) दुस्साहस

(९) उपहार

(१०) बाँच्ने रहर बढ्न थाल्यो

(११) नेपाली आमाका समूह

(१२) एक्काइसौं शताब्दी

(१३) विकास

(१४) विचार

(१५) तस्कर

(१६) घाउ

(१७) राज्यको चौथो अङ्ग

(१८) के नेपाल गरिब देश हो ?

नेपाली साहित्य आकाशको निबन्धमा विधामा यी माथि उल्लिखित विभिन्न निबन्धहरूबाट गोपाल सञ्जेलको निबन्धगत व्यक्तित्व झल्कन्छ । सात दर्जनभन्दा बढी निबन्धहरूका माझ गोपाल सञ्जेल एक स्थापित निबन्धकारका रूपमा दरिन पुगेका छन् ।

## ३.४.३ गजलकार व्यक्तित्व

साहित्यका धेरैजसो विधामा कलम चलाउने गोपाल सञ्जेलको अर्को महत्त्वपूर्ण क्षेत्र गजल लेखनको क्षेत्र हो । गजल शब्द अरबीबाट आएको फारसी र उर्दू धरातलमा मौलाएको एक अति चर्चित र लोकप्रिय गेययुक्त काव्य विधा हो । यस विधामा गोपाल सञ्जेलको राम्रो दखखल पाइन्छ । "मै हराएँ आज" नामक गजल सङ्ग्रह लिएर पाठक सामु उपस्थित गजलकार सञ्जेलका गजलहरू लोभलाग्दा छन् । सङ्ख्यात्मक रूपमा जम्मा ४२ ओटा गजलहरू भए पनि गुणात्मक रूपमा ती महत्त्वपूर्ण छन् । "मै हराएँ आज" भित्र

गजलकार गजलका सेरहरूमा कतै राजनीतिकर्मी, कतै प्रेमी-प्रेमिका त कतै दर्शक भएर भेट्टिएका छन् । तसर्थ यी गजलहरू मार्फत् गोपाल सञ्जेलको गजलकार व्यक्तित्व खुल्दछ । सरल, सहज एवम् सम्प्रेषण भाषाशैलीलाई आत्मसात् गरी गजल लेख्ने गजलकार सञ्जेल एक सफल गजलकारका रूपमा समेत परिचित छन् ।

### ३.४.४ उपन्यासकार व्यक्तित्व

बहुआयामिक प्रतिभाका धनी गोपाल सञ्जेलको अर्को महत्त्वपूर्ण साहित्य सिर्जनाको पाटो भनेको उपन्यास लेखनको पाटो हो । साहित्यलाई समाजको दर्पण ठान्ने सर्जक सञ्जेलले वि.सं. २०६९ सालमा 'विस्मात्' नामक उपन्यास लेखेर उपन्यास लेखनका क्षेत्रमा समेत प्रवेश गरेका छन् । दस बर्से जनयुद्ध र त्यसले पारेको प्रभावलाई आत्मसात् गरी लेखिएको प्रस्तुत उपन्यास एक सामाजिक यथार्थवादी उपन्यासका रूपमा संरचित भएको पाइन्छ । सरल भाषाशैलीको प्रयोग गरी लेखिएको प्रस्तुत उपन्यास दस बर्से जनयुद्धको साक्षी भएर उपस्थित भएको छ । अन्य विधा झैं उपन्यास लेखनका विधामा समेत सञ्जेलको कलम उत्तिकै दौडेको पाइन्छ । तसर्थ गोपाल सञ्जेललाई एक कुशल उपन्यासकारका रूपमा चित्रण गर्न सकिन्छ ।

### ३.४.५ गीतकार व्यक्तित्व

गीतका पारखी गोपाल सञ्जेलले थुप्रै फुटकर गीत लेखेका छन् । उनले लेखेका गीतमध्ये दुई वटा आधुनिक गीत सङ्गीतबद्ध गरी रेकर्ड भएका छन् । 'दुई किनार' बोलको गीतलाई ठाकुरप्रताप दुलालले सङ्गीत भरेका छन् भने लोकप्रिय गायक रामभक्त जोजिजुले गाएका छन् । त्यस्तै 'कुरा छोडी' बोलका गीतलाई सीताराम ताजपुरियाले सङ्गीत भरी उनी, कला सुब्बा र साथीहरूले स्वर दिएका छन् । सुमधुर शब्द चयन गर्न सञ्जेल सफल भएकाले सञ्जेल सफल गीतकारका रूपमा देखिएका छन् ।

## ३.५ पेसागत व्यक्तित्व

### ३.५.१ शिक्षक व्यक्तित्व

गोपाल सञ्जेलको साहित्यिक व्यक्तित्व मात्र छैन । उनको अर्को महत्त्वपूर्ण क्षेत्र भनेको शिक्षणको क्षेत्र पनि हो । वि.सं. २०४४ सालमा शारदा शिक्षा सदन प्राथमिक विद्यालयमा शिक्षकका रूपमा समेत काम गरेका छन् । प्रा.वि. शिक्षकका रूपमा काम गर्दा उनलाई त्यहाँ विविध चुनौतिहरू आएका छन् तर ती सबै चुनौतिहरूको सामना गर्दै उनले करिब डेढ वर्ष पढाउने अवसर पाएका छन् । पञ्चायती व्यवस्थाको हाहाकार भएको अवस्थामा सञ्जेल कम्युनिष्ट विचार धाराका व्यक्तिः भएका कारण उनले डेढ वर्षमै शिक्षण पेशाबाट राजिनामा दिनुपरेको थियो । तथापि यिनको डेढ वर्षे कार्यकालले सञ्जेललाई एक कुशल शिक्षकका रूपमा समेत उभ्याएको छ । यसबाट उनको शिक्षक व्यक्तित्व झल्कन्छ । यसपछि २०५१ सालमा जनजागृति मा. वि. सुरु गरेपछि लगातार ३ वर्षसम्म स्वयम् सेवकका रूपमा शिक्षण गरेका सञ्जेलको शिक्षकका साथै शिक्षाप्रेमी व्यक्तिका रूपमा देखिएका छन् ।

### ३.५.२ राजनीतिक व्यक्तित्व

गोपाल सञ्जेल एक राजनीतिकर्मी पनि हुन् । वि.सं. २०४० सालबाट राजनीतिका क्षेत्रमा होमिएका सञ्जेल २०४९ सालको स्थानीय निकायको निर्वाचनमा इकुडोल गा.वि.स. को अध्यक्ष समेत बन्न पुगेका थिए । २०४० साल फाल्गुण १३ गते सङ्गठन विस्तारका रूपमा माझखण्ड पुगेका रूपक अमात्य र गंगालाल तुलाधरका साथै आफ्नै विद्यालयका शिक्षकहरू बुद्धि तामाङ, विश्वराम शर्मा, रामप्रसाद दाहाल आदिको विशेष पहलमा त्यही दिनदेखि सञ्जेलले अनेरास्ववियुको सदस्यता ग्रहण गरी जनजागृति नि.मा.वि.को प्रारम्भिक कमिटीका सदस्य, अनेरास्ववियु गाउँ विशेष कमिटीको अध्यक्ष, अनेरास्ववियु ललितपुर भेग नं. २ को इलाका सचिवका रूपमा सञ्जेल काम गर्न थाले । त्यसको केही महिनापश्चात् अनेरास्ववियु ललितपुर जिल्ला कमिटीको सम्मेलन भयो । त्यसले जिल्ला कमिटीका सदस्यमा गोपाल सञ्जेललाई छनोट गऱ्यो । त्यसबेला गोपाल सञ्जेल कक्षा ९ मा पढ्दै

थिए । तत्कालिन प्रहरी प्रशासनले जिल्ला कमिटिका अन्य सदस्यहरूसँगै सञ्जेललाई पनि वान्टेड सूचीमा राखेको थियो । प्रहरीबाट बच्नका लागि सञ्जेल मानिखेल गाउँमा अवस्थित साथीको डेरामा ९ दिनसम्म भूमिगत जीवन बिताएका थिए । वि.सं. २०४४ सालको फागुन महिनातिर ललितपुरको पहाडी भेगका १८ वटा गा.वि.स. एउटै इलाका सङ्गठन कमिटीमा एमालेले सङ्गठित गरेको थियो । त्यतिखेर गोपाल सञ्जेल पूर्णकालीन कार्यकर्ताका रूपमा जिम्मेवारी वहन गरिरहेका थिए । गोपाल सञ्जेल वि.सं. २०४९ सालको स्थानीय निकायको निर्वाचनमा नेपाल कम्युनिष्ट पार्टी एमालेबाट गा.वि.स. अध्याक्ष्मा निर्वाचित बन्न पुगे । अनेरास्ववियुको साधारण सदस्यता ग्रहण गरेर राजनीतिमा हाम फालेका सञ्जेल २०४९ र २०५४ सालमा इकुडोल गा.वि.स.को अध्यक्ष समेत बन्न सफल भए । यसरी राजनीतिक क्षेत्रमा आफ्नो गतिलो पक्कड जमाईसकेका गोपाल सञ्जेल हाल भने राजनीतिक जीवनबाट अलग छन् ।

### ३.५.३ समाजसेवी व्यक्तित्व

साहित्य, राजनीतिका साथसाथै गोपाल सञ्जेलको अर्को क्षेत्र भनेको समाजसेवाको क्षेत्र हो । उनको रुचि सामाजिक चेतना अभिवृद्धि गर्ने र समाज सुधार गर्ने रहेको पाइन्छ । वि.सं. २०५० सालदेखि ग्रामीण सामुदायिक विकास संस्थाबाट सामाजिक सेवामा समर्पित सञ्जेल हालसम्म पनि विभिन्न सामाजिक संस्थाहरूमा क्रियाशील छन् । वि.सं. २०५७ सालदेखि २०६६ सालसम्म दक्षिण ललितपुर ग्रामणि विद्युत् सहकारी बोर्डको विभिन्न पदमा रही ग्रामीण भेगमा विद्युत् विस्तार गर्न महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । यसको साथै “इमाजिन ललितपुर” नामक गैरसरकारी संस्थामा स्रोत व्यक्तिका रूपमा कार्यरत सञ्जेल एक क्रियाशील समाजसेवी व्यक्तिका रूपमा सुपरिचित छन् । वि.सं. २०६३ सालदेखि हालसम्म उनी सुनगाभा साहित्य सदन गोटीखेल चन्दनपुर ललितपुरका उपाध्यक्ष समेत रहेका छन् । यसरी हेर्दा गोपाल सञ्जेल एक कुशल, कर्तव्यनिष्ठ, कर्मशील समाजसेवी व्यक्तित्वका रूपमा परिचित छन् ।

## ३.६ निष्कर्ष

४३ औं वसन्त पार गरेका गोपाल सञ्जेलको जीवन अवधिले सामाजिक, शैक्षिक, राजनीतिक, साहित्यिक परिवेशलाई भोग्दै र सामना गर्दै आएको देखिन्छ । सञ्जेललाई नेपाली जनजीवनकमा विविध परिवेशहरूमध्ये साहित्यिक परिवेशले विशेष प्रभावित पारेको पाइन्छ । गहुँ गोरो वर्ण, मझौला कद र गम्भीर मुद्राका सञ्जेल ५ फिट ६ इन्च अग्ला छन् भने ६२ के.जी. तौल उनको छ । शान्त, भद्र र शालीन स्वभावका सञ्जेल अत्यन्त मिजासिलो प्रवृत्तिका छन् । जसले गर्दा उनको व्यक्तित्व झन् खुलेको देखिन्छ । साहित्यका विभिन्न विधाहरू कविता, निबन्ध, गजल र उपन्यासमा कलम चलाइसकेका सञ्जेल बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । वि.सं. २०४४ सालमा “तेरा गीत रेडियोले किन गाउँदैन नानी” शीर्षकको कविता जनआस्था पत्रिकामा प्रकाशित गरर साहित्यको क्षेत्रमा प्रवेश गरेका सञ्जेलका आधा दर्जन कृतिहरू बजारमा आएका छन् । साहित्यका अलवा यिनको शिक्षक व्यक्तित्व समेत उत्तिकै प्रभावकारी पाइन्छ । वि.सं. २०४४ सालमा शारदा शिक्षा सदन प्रा.वि. मा डेढ वर्ष शिक्षण गर्ने अवसर पाएका सञ्जेल एक कुशल शिक्षकका रूपमा समेत परिचित छन् । राजनीतिमा विद्यार्थी जीवनदेखि नै प्रवेश गरेका सञ्जेल वि.सं. २०५० सालको स्थानीय निकायको निर्वाचनमा इकुडोल गा.वि.स.को अध्यक्ष समेत बनेका छन् । समाजसेवामा रुचि राख्ने सञ्जेल एक सामाजिक कार्यकर्ता समेत हुन् । हाल उनी विभिन्न साहित्यिक संघ संस्थाहरूमा आबद्ध भई काम गरिरहेका छन् ।

# अध्याय चार

## गोपाल सञ्जेलको मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

### ४.१ विषय प्रवेश

वि.सं. २०४५ सालमा जनआस्था पत्रिकामा “तेरो गीत रेडियोले किन गाउँदैन नानी” शीर्षकको कविता लेखेर साहित्यको क्षेत्रमा प्रवेश गरेका सञ्जेलका आधा दर्जन कृतिहरू बजारमा आएका छन् । जसमा कविता सङ्ग्रह उज्यालो बाटोतिर (२०४८), निबन्ध सङ्ग्रहहरूमा परिवर्तनको पक्षमा (२०६३), प्रसङ्गवश (२०६५), अनुभूतिका रेखाहरू (२०५७), गजल सङ्ग्रहमा “मै हराएँ आज” (२०६७) र उपन्यासमा विस्मात्  (२०६९) गरी हालसम्म जम्मा ६ वटा कृतिहरू बजारमा आइसकेका छन् । यस अध्ययनपत्रको विशिष्टताका कारणले सबै कृतिहरूको अध्ययन प्रायशः असम्भव भएकाले यहाँ गोपाल सञ्जेलको “मै हराएँ आज” गजल सङ्ग्रहको मात्र अध्ययन गरिएको छ ।

### ४.१.१ गजलको परिचय र पृष्ठभूमि

‘गजल’ शब्द अरबीबाट आएको तर फारसीमा मौलाएको एक चर्चित लोकप्रिय विधा हो । अरबीको ‘गजाला’ शब्दबाट गजल बनेको हो । गजालाको शाब्दिक अर्थ हरिणको सानो बच्चा हो र हरिणको बच्चाको नरमी, नाजुकता, कोमलता र सौन्दर्यजस्तै सुन्दर र कोमल भाव गजलमा व्यक्त हुने भएकोले यसलाई गजल भनिएको हो (रावल, २०६६:४) । गजलको सुरूवात शृङ्गारप्रधान र प्रेम विषयमा केन्द्रित थियो । सुरूका दिनहरूमा यसलाई “प्रेमिकासँग वार्तालाप” गरिने विधाका रूपमा समेत लिइन्थ्यो । जे होस् गजल भनेको अभिव्यत्तिःको एउटा सुन्दर माध्यम हो । सूक्ष्मता, कोमलता, हार्दिकता र पवित्रताजस्ता कुराहरूले सिर्जित गेयात्मक काव्य विधा नै गजल हो ।

अरबी र फारसी भाषामा लेखिने गजल विधालाई नेपालमा भित्र्याउने काम मोतीराम भट्टले गरे भने पुनर्जागरण गराउने काम ज्ञानुवाकर पौड्यालले गरे । त्यस्तै यसलाई थप मलजल गर्ने र विकसित गर्ने काम गजलको पुनर्जागरण कालपछिका गजलकार मनु ब्राजाकी र ललिजन रावलले गरे । छन्द कविताको पुनर्जागरण र गजललेखनको व्यापकताले

दिन दुगुना, रात चौगुनाको गति लियो । जुन गतिलाई जीवन्तता दिन कालजयी गजलको रचना गर्ने बूँद राना, रवि प्राञ्जल र सनतकुमार वस्ती, डा. घनश्याम न्यौपाने 'परिश्रमी', डा. कृष्णहरि बराल, देवी पन्थी, टीकाराम उदासी आदिको महत्त्वपूर्ण योगदान रहेको छ । आज आएर गजल नेपाली माटोमा यति चर्चित भइसकेको छ कि यसमा आफ्नो भाग्य र भविष्य खोज्नेहरू प्रशस्त छन् । हाल आएर गजलमा आफ्नो भविष्य खोज्दै गजल रचना गर्ने गजलकारहरूमा अनमोलमणि, चंकी श्रेष्ठ, बुद्धिसागर चापागाइँ, कृष्ण उदासी, गीता सापकोटा, श्रेष्ठ प्रिया 'पत्थर', रावल कृष्ण, जनकराज पौड्याल, अर्जुन पौडेल, विजय सुब्बा, अमर त्यागी, दीपसागर पन्त 'प्यासी', निमेश निखिल, बलराम दाहाल, विपिन किरण, प्रकाश आङदेम्वेसँगै गोपाल सञ्जेल पनि देखा परेका छन् ।

## ४.२ गजलका विभिन्न तत्त्वहरूका आधारमा मै हराएँ आज गजल सङग्रहको अध्ययन

### ४.२.१ विषय प्रवेश

प्रस्तुत "मै हराएँ आज" गजल सङ्ग्रह साहित्यकार गोपाल सञ्जेलको महत्त्वपूर्ण रचना कृति हो । यसको प्रकाशन वि.सं. २०६७ सालमा प्रदीप जोशीले गरेका हुन् । आवरण तस्विर रीति महर्जनले निर्माण गरेका हुन् भने यसको डिजाइन र मुद्रण क्लासिकल प्रिन्टिङ सर्भिस अनामनगरले गरेको हो । 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र गजलका प्रत्येक सेरहरूमा गजलकार सञ्जेल भेट्टिएका छन् । जम्मा ४२ पृष्ठमा संरचित प्रस्तुत गजल सङ्ग्रहहरूको मूल्य ५० रूपैयाँ राखिएको छ । बाह्य संरचनाका दृष्टिले हेर्दा आवरण पृष्ठको अग्रभागमा सिद्धहस्त शिल्पी रीति महर्जनको शिल्पले सञ्जित नामअनुसारको आवरण कला ज्यादै आकर्षक देखिन्छ । कृतिको आवरण पृष्ठको पछिल्लो भागमा प्रकाशकीय प्रदीप जोशीको गहकिलो धारणा त्यसैगरी समालोचक देवी नेपालको भूमिका लेखन र स्वयम् गजलकार गोपाल सञ्जेलको मननीय भनाइका दुई शब्द पनि समावेश गरिएको छ ।

प्रस्तुत अध्याय गजलको सैद्धान्तिक पृष्ठभूमिमा केन्द्रित छ । यस क्रममा मै हराएँ आज गजल सङ्ग्रहको स्वरूपलाई सङ्क्षेपमा उल्लेख गरी समग्रतालाई प्रस्तुत गर्ने प्रयास गरिएको छ । गजल सैद्धान्तिक रूपमा संरचनाको फ्रेमभित्र रहेको काव्यको एउटा विधा

हो । यस सङ्ग्रहमा सङ्गृहित गजलहरूको अध्ययन गर्दा वर्तमान नेपाल र नेपालीहरूको भित्री तथा बाहिरी दुवै पक्ष छर्लङ्ग देख्न पाइन्छ । यस सङ्ग्रहमा एकातिर मानवीय संवेदन शून्यता, जडता, धूर्तता, छलकपटको पराकाष्ठाताको सजीव चित्रण गरिएको छ भने अर्कातिर विकृति र विसङ्गतिपूर्ण राजनीति, विद्रप समाजको भयावह चित्र उतारिएको छ । यसरी हेर्दा प्रस्तुत सङ्ग्रहको अभीष्ट समाजमा चेतना र जागरण फैलाएर शान्त, सभ्य, शिष्ट र अन्य जीवनजगत्को परिकल्पना गर्नु रहेको देखिन्छ । सञ्जेल यस सङ्ग्रहमा देश र जनताका पक्षमा उभिएका छन् । अन्याय अत्याचारलाई चिर्दै माया-मोहका मीठा मीठा बान्कीहरू बुनेका छन् गजलका सेरहरूमा । स्वभाविक रूपमा गजल बढी शृङ्गारिक धारामा खुल्छ, यसैलाई पछ्याएका छन् सञ्जेलले पनि । उनका धेरैजसो गजलहरू शृङ्गारिक धारामै लेखिएका छन् । मै हराएँ आज गजल सङ्ग्हभित्र सञ्जेल माया प्रीतिका सेरहरमा भेट्टिएका छन् । माया प्रीतिका कुरा गरेर नथाक्ने गोपाल सञ्जेल गजलका सेरहरूमा सच्चा प्रियसी भएर निस्किएका छन् । मै हराएँ आज गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरूमा पहिलो गजल राजनीतिक विषयवस्तुमा केन्द्रित छ । राजनीतिमा बढेको विकृति विसङ्गतिलाई गजलले आफ्नो विषयवस्तु बनाएको छ । त्यस्तै दोस्रो गजल जीवनजगत् र माया प्रीतिसँग सम्बन्धित छ । तेस्रो गजलले प्रणयभावलाई आफ्नो भावभूमि बनाएको छ । चौथो गजल शिक्षा र चेतनासँग सम्बन्धित छ । शिक्षा लिन नसक्दा भोगेका दुःख र कष्टलाई प्रस्तुत गजलमा पोख्ने जमर्को गरिएको छ । पाँचौं गजल माया पिरतीसँग सम्बन्धित रहेर लेखिएको छ । छैटौं गजल प्रेमीले आफ्नो कर्तव्य बिर्सेपछि प्रेमिकाका अगाडि ऊ स्वतन्त्र हुने कुराको चर्चा गरिएको छ । सातौं गजल प्रणयभावमा संरचित छ । आठौं गजल शृङ्गारिक धारामा रचित छ । नवौं गजल रक्सीको नशाले पारेको क्षत्विक्षत् जिन्दगीको बारे चर्चा गरिएको छ । दशौं गजल प्रेमी प्रेमिकाको रतिरागात्मक क्रियाकलापमा आधारित छ । एघारौं गजल शृङ्गारिक भाव धारामा संरचित छ । तेह्रौ गजल मायाप्रीतिले लपक्क भिजेका जोडीहरूको बयान गर्नमै लीन छ । चौधौं गजल कुनै प्रेमिकालाई मुटुमा बास बस्न निमन्त्रणा गरी कोरिएको छ । पन्ध्रौं गजल हत्या र हिंसाको विरुद्धमा संरचित छ । सोह्रौं गजल व्यक्तिगत स्वार्थका खातिर गरिने चालबाजी र रणनैतिक कुटिलतामा आधारित छ । सत्रौं गजल निडर र अटल प्रेमभाव प्रस्तुत गरी लेखिएको छ । अठारौं गजल वियोगान्त भावमा संरचित छ । उन्नाइसौं गजल प्रणयभावलाई आत्मसात् गरी लेखिएको

छ । बीसौं गजल नेपाली अदूरदर्शी नेताहरूले बिगारेको राजनीतिप्रति परिलक्षित छ । एक्काईसौं गजल सामाजिक विकृति र विसङ्गतिलाई आत्मसात् गरेर लेखिएको गजल हो । बाइसौं गजल माया मोहमा अल्भिएको प्रेमिकाबारे संरचित छ । तेईसौं गजल विदेशिएको नेपालीहरूको कथा व्यथामा रचिएको छ । चौबिसौं गजल प्रेम प्रणयको भावभूमिमा लेखिएको छ । पच्चीसौं गजल धोका दिनेहरूप्रति कहिल्यै नभुक्ने भाव व्यक्त गर्ने सन्दर्भमा संरचित छ । सत्ताईसौं गजलमा आशावादी धुन प्रकट गरिएको छ । अठ्ठाईसौं गजल स्वाभिमानी प्रवृत्तिलाई आत्मसात् गरी लेखिएको पाइन्छ । उनान्तीसौं गजल जातपात र मायाप्रीतिको समन्वय गरी संरचित भएको देखिन्छ । तीसौं गजल प्रगतिवादी विचारधारालाई आत्मसात् गरी रचिएको छ । एकतीसौं गजल माया मोह र प्रेमजालसँग सम्बन्धित छ । बत्तीसौं गजल जीव र भ्रमसँग सम्बन्धित भएर लेखिएको छ । तेत्तीसौं गजलमा धन, मन र मायाका बीच तुलना गरिएको छ । चौतीसौं गजल पश्चातापको विषयवस्तुमा आधारित भएर रचिएको छ । पैतीसौं गजल उच्च विचार भएका व्यक्तिहरू राजनीीतमा नभएको परिवेशलाई आत्मसात् गरी लेखिएको पाइन्छ । छत्तीसौं गजल माया प्रीतिलाई बैगुनी खेल बनाएकोप्रति आक्रोश व्यक्त गर्दै संरचित छ । सैंतीसौं गजल नैतिक शिक्षा दिने अवधारणालाई आत्मसात् गरी रचना गरिएको छ । उनन्चालीसौं गजल हराएकी प्रियसीलाई खोज्ने क्रममा संरति भएको देखिन्छ । चालीसौं गजल प्रणयभावमा कोरिएको छ । एकचालीसौं गजल शृङ्गारिक धाराामा लेखिएको पाइन्छ भने बयालीसौं अर्थात् यस सङ्ग्रहको अन्तिम गजल देशमा हत्या हिंसा छोडी शान्तिको कामना गर्दै संरचित भएको देखिन्छ । यसरी हेर्दा प्रस्तुत मै हराएँ आज गजल सङ्ग्रहका गजलहरू विभिन्न विषयवस्तु र भावधारालाई आत्मसात् गर्दै लेखिएका पाइन्छन् । प्रस्तुत गजल सङ्ग्रहलाई गजलका विभिन्न तत्त्वहरू विषयवस्तु, भाषाशैली, काफिया, रदिफ, मतला, मिसरा ए उला, मिसरा ए सानी, सेर, मक्ता, तखल्लुस, लय, छन्द/बहर आदिका आधारमा अध्ययन गरिएको छ ।

## ४.२.२ विषयस्तुका दृष्टिमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

गोपाल सञ्जेलका गजहरूमा माया प्रीति, राजनीति, विकृति, विसङ्गति, जीवन भोगाइ र प्रणयका भावहरू प्रस्तुत भएको पाइन्छ । साहित्य समाजको निम्ति लेखिनु पर्दछ भन्ने साहित्यकार सञ्जेल जीवन भोगाइका क्रममा व्याप्त मायाप्रेम, आँसु, हाँसो, दुःख-सुख,

मिलन-बिछोड आदिलाई आफ्नो गजलको मूल विषयवस्तु बनाउँछन् । देशमा व्याप्त हत्या, हिंसा, आतङ्क, विकृति-विसङ्गति आदिलाई गजलका सेरहरूमा भरेर वास्तविक जीवनजगत्को सजीव चित्र उतार्दछन् । गजल शृङ्गारिक भावमा बढी रम्ने भएका कारण सञ्जेलका प्रायशः गजलहरू शृङ्गार भाव प्रधान छन् । उनका गजलका विषयवस्तु राजनीतिदेखि लिएर माया प्रीतिसम्म फैलिएका छन् । राजनीतिलाई पेशा बनाएर आफू मोटाउने शासकप्रति गजलकारले गम्भीर आक्रोश पोखेका छन् । जनताहरू दुब्लाउँदै जाने र दलका नेताहरू मोटाउँदै जाने नेपाली राजनीतिक विषयवस्तुले सञ्जेलका गजलमा स्थान पाएको छ । सामाजिक, राजनीतिक, साँस्कृतिक, आर्थिक, विविध समसामयिक विषयवस्तुलाई प्रस्तुत गजल सङ्ग्रहले आफ्नो भावभूमि बनाएको छ । सामाजिक विकृति र विसङ्गतिले जकडिएको हाम्रो समाजको यथार्थ धरातल गजलका सेरहरूमा भेट्टाउन सकिन्छ । सञ्जेलको गजल लेखनको अर्को महत्त्वपूर्ण विषयवस्तु भनेको माया प्रेम हो । अन्य विषयवस्तुमा भन्दा बढी माया प्रेमका विषयवस्तुलाई प्रमुख स्थान दिएका छन् प्रस्तुत गजल सङ्ग्रह 'मै हराएँ आज' मा । माया, प्रेम, प्रणयका कुरा गरेर गजलका सेरहरूमा कहिल्यै नथाक्ने सञ्जेलका गजलका धेरैजसो विषयवस्तु प्रेम-प्रणय नै छन् । स्वभाविक रूपमा गजल शृङ्गारिक भावधाराबाटै भयो । अरबीबाट उर्दू फारसी हुँदै नेपाली भूमिमा प्रवेश गरेको गजल शब्दको अर्थ अरबी भाषामा 'प्रेमिकासँगको संवाद' वा भलाकुसारी भन्ने हुन्छ (नेपाल र अन्य, २०६६: ९) । यसबाट के बुझ्न सकिन्छ भने गजल विधा एक शृङ्गार प्रधान विधा हो । यसैलाई आत्मसात् गरी सञ्जेल आफ्ना गजलहरूमा माया, प्रेम, प्रणय आदि भएर पोखिन्छन् । उनका गजलका विषयवस्तु समय र समाजसापेक्ष छन् । समाजमा जे देखिन्छ, जे भोगन्छि, जे अनुभव र अनुभूत गरिन्छ त्यसैलाई गजलको विषयवस्तु बनाई गजलात्मक रङ पोत्न सञ्जेल सिपालु छन् । शिक्षा र चेतनाको विषयवस्तुलाई समेत सञ्जेलले स्थान दिएका छन् । पढ्न नसक्दा र पढ्न नपाउँदाका पीडालाई यसरी पोखेका छन् : "काला अक्षर कालै रहे दुःख पायौं धेरै, देखे पनि चिनिँदैन गोता खायौं धेरै ।" (सञ्जेल, २०६७ : ४) ।

यसरी अक्षर नचिन्दा पाइने दुःख र सास्तीलाई आफ्नो गजलको विषयवस्तु बनाएका छन् सञ्जेलले । हत्या, हिंसाले आक्रान्त मानव जीवनलाई समेत प्रस्तुत गजलले आफ्नो

विषयवस्तु बनाएको छ । जस्तै : “सधैं हिंसाको खाल भर्ने विजय को के काम ? आफन्त पराइमा सर्ने विजयको के काम ?” (सञ्जेल, २०६७ : १५) । हत्या र हिंसाको विजय बेकम्बा बन्ने भएकाले यसको पछि नलाग्न प्रस्तुत गजलमार्फत् आग्रह गरिएको छ । सबैलाई मारेर कसलाई विजयको उत्सव देखाउने भन्ने गम्भीर विषयवस्तुलाई आत्मसात् गरी प्रस्तुत गजलको रचना भएको देखिन्छ । माया पिरतीका विषयवस्तुलाई समेत गजका सेरहरूमा कस्ने प्रयास गरेका छन् । अन्य गजलहरू भन्दा माया प्रीतिका विषयवस्तुलाई उठान गरेर लेखिएका गजलहरू सशक्त लाग्दछन् । जस्तै : “चोखो माया त थुनिने जेल बनायौ, जलेको छातीमा कुद्ने रेल बनायौं ।” (सञ्जेल, २०६७ : ३६) । यसरी प्रस्तुत गलज सङ्ग्रह ‘मै हराएँ आज’ मा गजलकार गोपाल सञ्जेलले विभिन्न विषयवस्तुलाई आत्मसात् गरी गजल रचना गरेको पाइन्छ ।

## ४.२.३ मै हराएँ आज गजल सङ्ग्रहमा प्रयुक्त भाषाशैलीको अध्ययन

भाषाशैली गजलको अर्को महत्त्वपूर्ण तत्त्व हो । ‘मै हराएँ आज’ गजल सङ्ग्रहमा सङ्ग्रहित गजलहरू सरल, सहज र सम्प्रेष्य भाषाशैलीमा संरचित छन् । शब्दको पैह्रो थुपारेर भावलाई पुर्दै, लेखक आफू भुलिँदै पाठकलाई भुल्याउन चाहँदैनन् । अन्त्यानुप्रसाको प्रयोगले भाषालाई सरस बनाइदिएको छ । मर्नु, छर्नु, तर्नु, हर्नुजस्ता अनुप्रासयुक्त शब्दले मीठासपूर्ण भाषाशैलीको जन्म गराएको छ । विभिन्न गजलहरूमा प्रश्नवाचक चिह्नको प्रयोग गरिएको छ । जस्तै : उसकै सामु झुक्यौ किन ? मलाई देख्दा लुक्यौ किन ? (सञ्जेल, २०६७ : २७) । गजलमा विभिन्न विम्ब र प्रतीकको प्रयोग गरिएको छ । जसले गर्दा प्रस्तुत गजलको भाषाशैली विम्बात्मक प्रतिकात्मक बन्न पुगेको छ । जस्तै : पिरतीको सागर, कलश, टीका (सञ्जेल, २०६७ : १९) । ‘मै हराएँ आज’ गजल सङ्ग्रहको भाषाशैली लयात्मक प्रकृतिको छ । मीठो लय हालेर पढ्न वा गाउन सकिने खालको भाषाशैली छ । जस्तै मनका राजा रोजिसकेँ रानी हुन्छु अब, हरियो दुबो खोजिसकेँ माला उन्छु अब (सञ्जेल, २०६७ : ३) । प्रत्येक गजलको काफियामा प्रयोग भएको अन्त्यानुप्रासले गजलको भाषाशैलीलाई श्रुतिमधुर बनाएको छ । जस्तै : चिना कोरेर आऊ, दिल मोरेर आऊ (सञ्जेल, २०६७ : १४) । माथि रेखाङ्कित कोरर, मोरेर जस्ता तुकान्त शब्दहरूले गजलको भाषाशैलीलाई मीठासपूर्ण बनाएको छ । केही गजल फारसीका बहरहरूमा समेत लेखिएका छन् । जसले गर्दा गजलको

भाषाशैली विशिष्ट बन्न पुगेको छ । जस्तै : “निशानी थियो त्यै ढलाएर रोएँ, चिठीका सिरानी जलाएरु रोएँ” (सञ्जेल, २०६ : १२) । प्रस्तुत गजल फारसीको “मुतकारिब” बहरमा लेखिएको छ । यसरी ‘मै हराएँ आज’ गजलमा प्रयोग भएको भाषाशैली सरल, सहज, सम्प्रेष्य, तुकान्त, अनुप्रासयुक्त, विम्बात्मक, प्रतीकात्मक र श्रुतिमधुर छ भनी निष्कर्षतः भन्न सकिन्छ ।

## ४.२.४ मै हराएँ आज गजल सङ्ग्रहमा प्रयुक्त काफियाको अध्ययन

गजलमा आउने अनुप्रासयुक्त शब्दलाई काफिया भनिन्छ (नेपाल र अन्य, २०६६ : १४) । काफिया विना कुनै पनि रचना गजल बन्न सक्दैन । तसर्थ गजल बन्नका लागि आवश्यक पर्ने अर्को महत्त्वपूर्ण तत्त्व भनेको काफिया हो । काफिया विभिन्न प्रकारका हुन्छन् । जस्तै : पूर्ण काफिया, आंशिक काफिया, मिलित काफिया र एकाक्षरी काफिया ।

### ४.२.४.१ पूर्ण काफिया

सञ्जेलका धेरैजसो गजलहरूमा पूर्ण काफियाको प्रयोग गरिएको पाइन्छ । जस्तै : “मनकै गीत गाऊ न, चोखो पिरती लाऊ न” (सञ्जेल, २०६७ : ५) । माथि रेखाङ्कित गाऊ, लाऊजस्ता श्रुति समानार्थक शब्दलाई पूर्ण काफिया भनिन्छ । यी शब्दहरूमा स्वर र व्यञ्जनको मात्रा एउटै हुन्छ । जसले गर्दा गजललाई श्रुतिमधुर बनाउन सहयोग पुऱ्याउँछ । सञ्जेलका धरैजसो गजलहरू पूर्ण काफियालाई आत्मसात् गरी लेखिएका छन् ।

### ४.२.४.२ आंशिक काफिया

एउटा पूर्ण शब्दका केही वर्ण मात्रै काफियाको रूपमा आएका छन् भने त्यसलाई आंशिक काफिया भनिन्छ (नेपाल र अन्य, २०६६:१६) । ‘मै हराएँ आज’ गजल सङ्ग्रहभित्रका केही गजलहरूमा आंशिक काफियाको प्रयोग गरिएको पाइन्छ । जस्तै :

चिसो हावामा हुर्केको तातो तावामा परें
पसिनाको धारा आधा पेट खाएर पोखें
वैरीको माटोले पोल्दा पीडामा तड्पिएर
पसिनासँगै आँसु पनि मिसाएर पोखें ।

(सञ्जेल, २०६७ : २३)

माथिको गजलमा खाएर पछि मिसाएर काफिया आएको छ । यो पूर्ण नभएर आंशिक काफिया हो । यस प्रकारको काफियामा स्वर वा व्यञ्जनमध्ये कुनै एक वर्णलाई मात्र ख्याल गरिएको हुन्छ । गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र जम्माजम्मी सातवटा गजलहरूमा आंशिक काफियाको प्रयोग भएको देखिन्छ ।

### ४.२.४.३ मिलित काफिया

गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र मिलित काफियाको प्रयोग भएको पाइँदैन ।

### ४.२.४.४ एकाक्षरी काफिया

एउटा अक्षरबाट मात्र निर्माण भएको काफियालाई एकाक्षरी काफिया भनिन्छ (नेपाल र अन्य, २०६६ : १७) । गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रहमा एकाक्षरी काफियाको प्रयोग गरिएको पाइँदैन ।

## ४.२.५ मै हराएँ आज गजल सङ्ग्रहमा प्रयुक्त रदिफको अध्ययन

गजलको पहिलो सेरमा दुवै पङ्क्तिमा तथा अन्य सेरमा दोस्रो पङ्क्तिमा काफियापछि दोहोरिने शब्द वा शब्दसमूह रदिफ हो (नेपाल र अन्य, २०६६ : १९) । गोपाल सञ्जेलको प्रस्तुत 'मै हराएँ आज' गजल सङ्ग्रहमा रदिफको समुचित प्रयोग गरिएको छ । रदिफ भएका र नभएका दुवै खाले गजलहरू यस सङ्ग्रहभित्र छन् । रदिफको प्रयोग गरिएको गजललाई 'गजल मुरद्दफ' गजल भनिन्छ भने रदिफको प्रयोग नगरिएको गजललाई 'गैरमुरद्दफ' गजल भनिन्छ । 'मै हराएँ आज' गजल सङ्ग्रहमा सङ्ग्रहित गैरमुरद्दफ र मुरद्दफ गजलहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**मुरद्दफ गजल :**

आधा रातमा ढोका खोल्न परेन अब
ढोकैमा तथानाम बोल्ने परेन अब ।

(सञ्जेल, २०६७ : ९)

देशको पसिना विदेशमा धाएर पोखें
आफ्नो माटो सुकेपछि यतै आएर पोखें ।

(सञ्जेल, २०६ : २३)

**गैरमुरद्दफ गजल :**

हात हल्लाउँदा डाकेको पो मानेछ
पारि हेरेको त उसैलाई ठानेछ ।

(सञ्जेल, २०६७ : ३३)

निष्ठुरीको एकै नजर पाइएन
उधारोमा त्यसै कसम खाइएन ।

(सञ्जेल, २०६७ : ३१)

## ४.२.६ सेरका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

गजलको सन्दर्भमा 'सेर' भन्नाले गजलका दुई हरफलाई बुझाउँछ (नेपाल र अन्य, २०६६ : २१) । गजल तिनै सेरहरूको एउटा संयुक्त रूप हो । विषयवस्तुका हिसाबले गजलका सेरहरू स्वतन्त्र एवम् आफैंमा पूर्ण हुन्छन् । एउटा सेरले अर्को सेरसँग सम्बन्ध राख्न आवश्यक छैन । 'मै हराएँ आज' गजलभित्रका सेरहरूमा समेत यसको प्रत्यक्ष महसुस गर्न सकिन्छ । प्रस्तुत गजलका सेरहरू प्रायशः विषयवस्तुका हिसाबले फरक-परक लाग्छन् । जस्तै : "गाउँमा सुन्दर घर थियो, सहरबाट त पर थियो ।" त्यसकै अर्को सेरमा : "उनैलाई लैजान चाहन्थे, तर मन भने डर थियो" (सञ्जेल, २०६७ : २७) । प्रस्तुत गजलको पहिलो सेरले सहरबाट टाढा रहेको घरको कुरा गरेको छ तर दोस्रो सेरले मायालुलाई लैजाने कुरा गरेको छ । यसरी हेर्दा गजलका प्रत्येक सेरहरू स्वतन्त्र लाग्छन् । विषयवस्तुको क्रमहीनता र भाव गाम्भीर्यतालाई 'मै हराएँ आज' गजलका सेरहरूले अभिव्यक्त गरेको छ । यस सङ्ग्रहमा चार सेरदेखि पाँच सेरसम्मका गजलहरूलाई समेटिएको छ । 'मै हराएँ आज' भनेर घोषणा गरी हराएका गजलकार सञ्जेल गजलका प्रत्येक सेरहरूमा भेट्टिएका छन् ।

### ४.२.७ मतलाका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

गजलको प्रथम सेर वा पहिला दुई हरफलाई मतला भनिन्छ (नेपाल र अन्य, २०६६ : २३) । गजलका प्रथम दुई हरफहरू प्रभावकारी हुनुपर्दछ । त्यसो भयो भने मात्र गजल ओजपूर्ण बन्छ । धेरैजसो पाठकलाई गजलको 'मतला' ले तान्छ । मानव शरीरको अनुहार जस्तै हो गजलको मतला पनि । प्रस्तुत 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र सङ्ग्रहित गजलका धेरैजसो मतला सशक्त लाग्दन् । केही मतलाहरू कमजोर पनि देखिन्छन् । जस्तै : "खोजे तिमीलाई हर्षका आँसु आउने बेला बाँड्न चाहे खुसी एक्कासी फल पाउने बेला" (सञ्जेल, २०६७ : ३९) । यो गजलको मतला हो तर यसले पाठकको मन जति तान्नुपर्थ्यो, त्यति तान्न सकेको महसुस गरिँदैन । किनभने यसको मतला एकदमै कमजोर छ । त्यस्तै सशक्त मतला भएका गजलहरू यस सङ्ग्रहभित्र छन् । जस्तै : "निशानी थियो त्यै ढलाएर रोएँ, चिठीका सिरानी जलाएर रोएँ" (सञ्जेल, २०६७ : १२) । यो गजलको मतला सबल देखिन्छ । जसले गर्दा सिङ्गो गजल नै प्रभावकारी बन्न पुगेको छ । यसरी हेर्दा गजलकार गोपाल सञ्जेलको 'मै हराएँ आज' गजलका 'मतला' हरू धेरैजसो सबल छन् भने केही दुर्बल पनि देखिन्छन् ।

### ४.२.८ तखल्लुसका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

गजलमा प्रयोग गरिने स्रष्टाको नाम वा उपनामलाई तखल्लुस भनिन्छ (नेपाल र अन्य, २०६६ : २४) । यो गजलको अनिवार्य तत्त्व भने होइन तर गजललाई अझ बढी सशक्त बनाउन यसको प्रयोग गजलकारले गर्छ । 'मै हराएँ आज' गजल सङ्ग्रहमा तखल्लुसको प्रयोग गरिएका गजलहरू पाइँदैनन् ।

### ४.२.९ मिसराका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

सेरका हरेक पङ्क्तिलाई मिसरा भनिन्छ (नेपाल र अन्य, २०६६ : २२) । सेरालाई मिसरा-ए-उला र मिसरा-ए-सानी गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गर्न सकिन्छ ।

### ४.२.९.१ मिसरा-ए-उला

गजलको सेरमा प्रयुक्त पहिलो हरफलाई मिसरा-ए-उला भनिन्छ । यसले गजलको विषयवस्तुलाई उठान गर्ने काम गर्छ । 'मै हराएँ आज' गजल सङ्ग्रहमा प्रयुक्त मिसरा-ए-उला सशक्त देखिन्छ । जस्तै : "चोखो माया त थुनिने जेल बनायौ, जलेको छातीमा कुद्ने रेल बनायौ" (सञ्जेल, २०६७ : ३६) । प्रस्तुत गजलको सेरमा "चोखो माया त थुनिने जेल बनायौ" मिसरा-ए-उला हो । जसले गजलको विषयवस्तुलाई उठाउने काम गरेको छ । 'मै हराएँ आज' गजल सङ्ग्रहमा मिसरा-ए-उलाको प्रस्तुति प्रभावकारी देखिन्छ ।

### ४.२.९.२ मिसरा-ए-सानी

गजलको सेरमा प्रयुक्त दोस्रो हरफलाई मिसला-ए-सानी भनिन्छ । मिसरा-ए-उलाले उठाएको विषयवस्तुलाई मिसरा-ए-सानीले पूर्णता दिने काम गर्छ । प्रस्तुत गजलमा "साँच्चै मनकारी घरबेटी आमा, मिष्ठान व्यञ्जनमा खास पाइयो' (सञ्जेल, २०६७ : २६) । प्रस्तुत गजलको सेरमा "मिष्ठान व्यञ्जनमा खास पाइयो" मिसरा-ए-सानी हो । जसले माथिल्लो हरफ वा मिसरा-ए-उलाले उठाएका विषयवस्तुलाई पूर्णता प्रदान गर्ने काम गरेको छ । यसरी हेर्दा मिसरा-ए-सानीको प्रयोगका दृष्टिले प्रस्तुत गजल सङ्ग्रह सबल बनेको छ ।

### ४.२.१० मक्ताका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

अरबीमा 'समापन' अर्थात् 'समाप्ति' लाई मक्ता भनिन्छ । गजलको सन्दर्भमा मक्ता भनेको गजलको समाप्तिको सेर भन्ने बुझिन्छ (नेपाल र अन्य, २०६७ : २३) । 'मै हराएँ आज' गजल सङ्ग्रहमा मक्ताको प्रयोग आकर्षक ढङ्गले गरिएको छ । जस्तै : "आदरभावको त मूल्य नै हुन्न, मनभित्र खुला आकाश पाइयो" (सञ्जेल, २०६७ : २६) । साधारणतया गजलका अगाडिभन्दा पछाडिका सेरहरू सशक्त हुनुपर्छ भन्ने मान्यता रही आएको छ । यही मान्यतालाई आत्मसात् गरी सञ्जेलले प्रस्तुत गजलका सेरहरूको समाप्ति गरेका छन् । यसरी हेर्दा प्रस्तुत गजल सङ्ग्रह 'मै हराएँ आज' का गजलहरूमा प्रयुक्त मक्ता अत्यन्त प्रभावकारी देखिन्छ ।

## ४.२.११ बहरका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

गजलमा प्रयोग हुने शास्त्रीय लयलाई 'बहर' भनिन्छ । संस्कृत काव्य परम्परामा 'छन्द' भनेजस्तै फारसी गजल परम्परामा 'बहर' शब्दले लय व्यवस्थाभित्रको अनुशासित रूपलाई सङ्केत गरेको हुन्छ (नेपाल र अन्य, २०६६ : ४६) । 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र एउटा मात्र गजल फारसीको 'मुतकारिब' बहरमा लेखिएको छ । जस्तै : "निशानी थियो त्यै ढलाएर रोएँ, चिठीका सिरानी जलाएर रोएँ" (सञ्जेल, २०६७ : १२) । प्रस्तुत गजल चारओटा गण हुने 'फऊलुन्' (१२२)×४ = १२ को अक्षर संरचनामा लेखिएको छ । यसको छ अक्षरमा विश्राम हुन्छ । तीन अक्षरमा अल्पविश्राम भए पनि त्यसको पालना त्यति अनिवार्य मानिँदैन । यही बहरलाई आत्मसात् गरेर सञ्जेलले प्रस्तुत सङ्ग्रहको बाह्रौं नम्बरको गजल लेखे तापनि अन्य गजलहरू भने स्वतन्त्र तथा मुक्त लयको प्रयोग गरेर लेखिएका छन् ।

## ४.२.१२ लयका आधारमा मै हराएँ आज गजल सङ्ग्रहको अध्ययन

लय भन्नाले कुनै कुरा पढ्दा उत्पन्न हुने सहजपनलाई बुझिन्छ अथवा अर्को शब्दमा भन्दा कुनै कुरा सललल बगेर कतै नअड्किई पढ्न सकिन्छ भने त्यसलाई लय भनिन्छ । प्रस्तुत 'मै हराएँ आज' गजल सङ्ग्रहभित्रका गजलहरू लयका हिसाबले उत्कृष्ट छन् । बाह्रौ नम्बरको गजल फारसीको 'मुतकारिब' बहरमा लेखिएको छ । जसले गजललाई श्रुतिमधुर बनाउन सफल भएको छ । अन्य गजलहरूले फारसीका कुनै बहरलाई नसमाए पनि स्वतन्त्र लयको प्रयोग भने गरेकै छन् । लय निर्माणमा अक्षर/मात्राको एकरूपता हुनुपर्दछ । यसरी अक्षर र मात्रामा एकरूपता भयो भने त्यहाँ एक प्रकारको स्वभाविक लय उत्पन्न हुन्छ । गजलकार सञ्जेलले प्रस्तुत गजल सङ्ग्रहमा त्यही गरेका छन् । जस्तै : "तिमीले गाउने गीत गाऊ यही हो, तिमीले पाउने प्रित पाऊ यही हो" (सञ्जेल, २०६७ : ११) । लय उत्पन्न हुने अर्को कारण श्रुति समान शब्दको प्रयोग पनि हो । अन्त्यानुप्रास शब्दको प्रयोग गरेर पनि लय उत्पन्न गर्न सकिन्छ । गजलमा प्रयुक्त काफिया अनुप्रासयुक्त हुन्छ । जसले गर्दा गजल श्रुतिमधुर सुनिन्छ । प्रस्तुत गजल सङ्ग्रह 'मै हराएँ आज' मा गति र यतिको व्यवस्थामा केही कमजोरी पाइए तापनि लयमा खासै ठूलो प्रभाव पारेको छैन । अक्षर

संरचनाका आधारमा प्रस्तुत गजल सङ्ग्रहमा ६ अक्षरदेखि १६ अक्षरसम्मको मात्रात्मक लय व्यवस्था पाइन्छ । यसमा प्रयुक्त लयगत अनुशासनलाई राम्ररी पालना गरिएको छ । गजलकारले आशक्ति वा मात्रात्मक रूपमा प्रयोग गरेका गजलका केही लय व्यवस्थालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**छ आक्षरिक लय व्यवस्था :**

एक्लै धाएँ आज

भेट्न आएँ आज (सञ्जेल, २०६७ : १३) ।

**आठ आक्षरिक लय व्यवस्था :**

सयर गर्न अति भो

ढुकुटी छर्न अति भो । (सञ्जेल, २०६७ : १६)

बाह्र आक्षरिक लय व्यवस्था :

बिछोडको पीडाले गह भरियो

रोक्न सकिनँ आँसु दह भरियो । (सञ्जेल, २०६७ : २९)

**सोह्र आक्षरिक लय व्यवस्था :**

मुख फोरी बोल्ने अठोट आजै गरेको थिएा

मनको भारी बिसाउन एक्लै झरेका थिएँ । (सञ्जेल, २०६७ : ४०)

यसरी आक्षरिक वा मात्रात्मक संरचनालाई ख्याल गरी प्रस्तुत गजल सङ्ग्रहमा सञ्जेलले लय व्यवस्थालाई सबल बनाएका छन् । उनका सबै गजलहरू लय हालेर पढ्न सकिने अवस्थामा छन् ।

## ४.३ निष्कर्ष

गजल शब्द अरबीबाट आएको फारसीमा मौलाएको एक चर्चित गेययुक्त काव्य विधा हो । गोपाल सञ्जेलको 'मै हराएँ आज' गजल सङ्ग्रहभित्र सङ्ग्रहित गजलहरू तत्त्वगत आधारमा पूर्ण देखिन्छन् । ४२ पृष्ठमा संरचित प्रस्तुत सङ्ग्रह ४२ वटै गजलहरू

छन् । विषयवस्तुका दृष्टिले ती गजलहरू कुनै राजनीतिक कुनै माया प्रेम, कुनै सामाजिक आर्थिक विकृति-विसङ्गतिलाई आत्मसात् गरी लेखिएका छन् । भाषाशैलीका हिसाबले सरल, सहज र सम्प्रेषणीय भाषाशैलीको प्रयोग गरिएको छ । गजल हुनका लागि नभई नहुने महत्त्वपूर्ण तत्त्व काफियाको प्रयोग समेत सन्तुलित ढङ्गले गरिएको पाइन्छ । पूर्ण र आंशिक काफियाको प्रयोग गरी अधिकांश गजलहरू सृजित छन् । रफिदका आधारमा रफिद भएका 'गजल मुरद्दफ' र रफिद नभएका 'गैरमुरद्दफ' दुवै खाले गजलहरू यस सङ्ग्रहमा सङ्ग्रहित छन् । गजललाई सुन्दर बनाउने अर्को तत्त्व गजलको 'मतला' हो । मतलाका हिसाबले गजल केही कमजोर देखिए पनि समग्रतामा यसको अवस्था पनि सन्तोषजनक पाइन्छ । गजललाई सशक्त बनाउने अर्को तत्त्व 'तखल्लुस' हो । सञ्जेलका यस गजल सङ्ग्रहभित्र 'तखल्लुस' को प्रयोग भएको गजल पाइँदैन । मिसराका आधारमा सञ्जेलका गजलहरू सन्तोषप्रद  छन् । गजलको समाप्ति गर्ने कार्य 'मक्ता' ले गर्दछ । जसरी गजलको सुरूवात भव्य ढङ्गले हुनुपर्दछ । त्यसरी नै अन्त्य पनि सानदार ढङ्गले हुन आवश्यक छ । सञ्जेलको प्रस्तुत सङ्ग्रहमा मक्ताको प्रयोग प्रभावकारी देखिन्छ । सञ्जेलले प्रस्तुत सङ्ग्रहमा फारसीका बहरको समेत प्रयोग गरेका छन् । लयका दृष्टिले सञ्जेलका गजलहरू पूरै गेयात्मक लाग्दछन् । गति यतिमा केही कठिनाइ महसुस गरिए तापनि यसले लयलाई खासै बिगारी दिएका छैनन् । धेरैजसो गजलहरू वर्णमात्रिक व्यवस्थालाई आत्मसात् गरी लेखिएका कारण गजलहरूमा लयको व्यवस्था सबल पाइन्छ । गजलमा '६' अक्षरदेखि 'सोह्र' अक्षरसम्मको आक्षरिक लय व्यवस्था पाइन्छ ।

# अध्याय पाँच

## उपसंहार

गोपाल सञ्जेलको जन्म वि.सं. २०२६ साल जेठ ५ गते बाग्मती अञ्चल, ललितपुर जिल्लाको इकुडोल गाउँ विकास समिति वडा नं. ३ मा भएको हो । सञ्जेल हरिबहादुर र खलकुमारी सञ्जेलका सातौं सन्तान हुन् । उनको बाल्यकाल सामान्य ढङ्गले बितेको थियो । बाल्यकालदेखि नै घरायसी कामकाजमा सञ्जेल लागि पर्नुपर्ने अवस्था थियो । गोपाल सञ्जेलको विद्यालयीय शिक्षा भने विभिन्न स्कुलहरूमा भएको थियो । कक्षा ३ सम्मको अध्ययन श्री सन्तोष शान्ति प्राथमिक विद्यालय, कक्षा ४ को अध्ययन विज्ञानप्रभा प्राथमिक विद्यालय, कक्षा ६ को अध्ययन भने जनजागृति नि.मा.वि. माझखण्ड र कक्षा ८, ९ र १० को अध्ययन भने महाङ्काल उच्च मा.वि. गोटीखेलबाट भएको पाइन्छ । वि.सं. २०४७ सालमा पाट संयुक्त क्याम्पस पाटनढोकाबाट प्रमाणपत्र तहको अध्ययन सकेका सञ्जेलले त्रि.वि.बाट प्राइभेट फर्म भरी स्नातकसम्मको अध्ययन गरेको देखिन्छ ।

गोपाल सञ्जेलको विवाह वि.सं. २०५५ साल असार १५ गते रौतहट जिल्लाको चन्द्रनिगाहापुर-१ निवासी बोधकुमारी घिमिरेसँग भएको हो । उनीहरूका एउटी छोरी छिन् । जीवनका विभिन्न आरोह-अवरोहहरू पार गर्ने क्रममा गोपाल सञ्जेल विभिन्न क्षेत्रमा लागेका छन् । विद्यार्थी जीवनदेखि नै राजनीतिमा प्रवेश गरेका सञ्जेल २०५० सालको स्थानीय निकायको समेत भइसकेका छन् । वि.सं. २०४४ सालमा डेढ वर्ष शारदा शिक्षा सदन प्राथमिक विद्यालयमा शिक्षकको समेत अनुभव सँगाली सकेका सञ्जेल एक कुशल साहित्यकार हुन् । साहित्यलाई जीवन भोगाइको सजीव प्रस्तुति ठान्ने सञ्जेल साहित्यका विभिन्न विधाहरूमा कलम चलाउँछन् । जसमा कविता, निबन्ध, गजल र उपन्यासजस्ता विधाहरू पर्दछन् । लेखन पठनमा विशेष रुचि राख्ने सञ्जेल गम्भीर स्वभावका व्यक्ति हुन् । कम बोल्ने बानी उनको छ । नेपालका आधाभन्दा बढी जिल्लाहरूको भ्रमण गरिसकेका सञ्जेल नेपाल बाहिर भारत, थाइलैण्ड, नेरदलैण्ड, फ्रान्स, बेल्जियम, जर्मन आदिजस्ता

देशहरूको भ्रमण गरिसकेका छन् । विभन्न गैर सरकारी संस्था र साहित्यिक संस्थाहरूमा संलग्न सञ्जेल विभिन्न पुरस्कारहरूबाट समेत सम्मानित छन् ।

सबै व्यक्तिको आ-आफ्नै व्यक्तित्व हुन्छ, त्यस्तै गोपाल सञ्जेलको पनि आफ्नै व्यक्तित्व छ । शारीरिक रूपबाट हेर्दा गहुँ गोरो वर्ण, मझौला कद र गम्भीर मुद्राका सञ्जेल ५ फिट ६ इन्च अग्ला छन् भने ६२ के.जी. तौल उनको छ । जसले उनको बाह्य व्यक्तित्व झल्काउँछ । भद्र, नम्र र शालीन स्वभावका सञ्जेल बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । २०४४ सालमा 'तेरो गीत रेडियोले किन गाउँदैन नानी' शीर्षकको कविता जनआस्था पत्रिकामा प्रकाशित गरी साहित्यको क्षेत्रमा प्रवेश गरेका सञ्जेलले नेपाली भाषा र साहित्यलाई हालसम्म आधा दर्जन कृतिहरू दिइसकेका छन् । यिनको व्यक्तित्व बहुआयामिक भएकाले शिक्षण, राजनीति, समाजसेवा, साहित्य सबै क्षेत्रमा उनको सहभागिता छ । साहित्यका विभिन्न विधाहरूमा उनको दख्खल उत्तिकै देखिन्छ । उनको कविता सङ्ग्रह 'उज्यालो बाटोतिर' (२०४८), निबन्ध सङ्ग्रहहरूमा 'परिवर्तनको पक्षमा' (२०६३), 'प्रसङ्गवश' (२०६५), अनुभूतिका रेखाहरू (२०५७), गजल सङ्ग्रहमा 'मै हराएँ आज' (२०६७) र उपन्यास 'विस्मात्' (२०६९) नेपाली भाषा र साहित्यका गजबका सामग्री बनेका छन् । उनको गजल सङ्ग्रह 'मै हराएँ आज' एक राम्रो पाठ्य सङ्ग्रह बनेको छ । गजल शब्द अरबीबाट आएको फारसी धरातलमा मौलाएको एक चर्चित र गेययुक्त काव्य विधा हो । यस विधालाई गोपाल सञ्जेलले आफ्नो 'मै हराएँ आज' सङ्ग्रहभित्र सङ्ग्रहित गर्ने काम गरेका छन् । ४२ वटा पृष्ठहरूमा संरचित प्रस्तुत सङ्ग्रहमा ४२ वटै गजलहरू सङ्ग्रहित छन् । विषयवस्तुका हिसाबले गजलहरूमा विविधता पाइन्छ । कुनै गजलको विषयवस्तु राजनीतिक प्रवृत्तिको छ भने कुनै गजलहरू माया प्रेमका विषयवस्तुहरूमा केन्द्रित छन् । देशमा व्याप्त विकृति, विसङ्गति र त्यसले पारेको प्रभावलाई सञ्जेल प्रस्तुत गजलको विषयवस्तु बनाएका छन् । गजल शृङ्गारिक धारामा लेखिने विधा हो । यसबाट सञ्जेल पनि अछुतो रहेका छैनन् । उनका धेरैजसो गजलहरू शृङ्गारिक भाव धाराका छन् । माया, प्रेम सद्भाव, समन्वय, सदाचार, प्रणय आदिजस्ता विषयवस्तुमा सञ्जेलले गजल लेखेका छन् । भाषाशैली सरल हुनु यिनका गजलको अर्को विशेषता हो । सरल, सहज र सम्प्रेष्य भाषाशैलीको प्रयोग यिनका गजलहरूमा पाइन्छ । शब्दको पैह्रो थुपारेर भावलाई

पुर्दै लेखक आफू भुलिदैं अरूलाई भुल्याउने लेखनशैली सञ्जेलमा बिल्कुलै छैन । गजलको प्राण मानिने काफियाको प्रयोग यिनका गजलमा सशक्त ढङ्गले गरिएको पाइन्छ । पूर्ण र आंशिक काफियाको प्रयोग गरी गजल रचना गरेबाट गजल सौन्दर्यपूर्ण बन्न सफल भएको छ । एकाक्षरी काफियाको प्रयोग यिनका गजलहरूमा देखिँदैन । यिनका गजलमा रदिफको प्रयोग आंशिक रूपमा मात्र पाइन्छ । रदिफको प्रयोग गरेका अथवा 'गजल मुरद्दफ' र रदिफको प्रयोग नभएका 'गैर मुरद्दफ' दुवै खाले गजलहरू यिनका सङ्ग्रहमा पाइन्छन् । जसले गर्दा सङ्ग्रहमा सबै स्वादका गजलहरू चाख्न पाइने अवस्था छ । मतलाको प्रयोगमा केही गजलहरूमा दुर्बलता देखिए तापनि समग्रमा यसको अवस्था सबल नै देखिन्छ । सञ्जेलका गजलमा 'तखल्लुस' को प्रयोग भने गरिएको पाइँदैन । तखल्लुसले गजललाई अझ बढी प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ । मिसराको अवस्था गजल सङ्ग्रहभित्र सन्तोषजनक देखिन्छ । मिसरा-ए-उला र मिसरा-ए-सानीको राम्रो संयोजन अनुभव हुन्छ । मक्ताको प्रयोग प्रभावकारी ढङ्गबाट गरिएको पाइन्छ । जसले गर्दा गजलको उठान मात्र होइन समाप्ति समेत प्रखर बनेको छ । फारसीको बहरलाई आत्मसात् गरी सञ्जेलले बाह्रौं नम्बरको गजल रचना गरेका छन् । जसले गर्दा गजलको गरिमा बढ्न गएको छ । लयका दृष्टिले सञ्जेलका गजलहरू पूरै गेयात्मक लाग्छन् । गति र यतिको प्रयोगमा केही कठिनाइ देखिए पनि ती सागरमा एक थोपा पानी बाहेक केही बन्न सकेका छैनन् । गजलमा छ अक्षरदेखि सोह्र अक्षरसम्मका आक्षरिक लय व्यवस्थाले गजल सङ्ग्रहलाई थप प्रभावकारी बनाएका छन् ।

# सन्दर्भसामग्री सूची

कुँवर, सुरज (२०६८) **कृष्णप्रसाद दाहालको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि.पाटन संयुक्त क्याम्पस ललितपुर ।

खनाल, पेशल र सोमप्रसाद खतिवडा (२०५४) **अनुसन्धान पद्धति,** काठमाडौं : एम.के.पब्लिसर्स ।

नेपाल, देवी र अन्य (२०६६) **गजल कसरी लेख्ने ?**, काठमाडौं : अनाममण्डली ।

पोखरेल, बालकृष्ण र अन्य (२०६७) **नेपाली बृहत् शब्दकोश,** (सम्पा.) (सातौं संस्करण), काठमाडौं : साझा प्रकाशन ।

बन्धु, चूडामणि (२०५२) **अनुसन्धान तथा प्रतिवेदन लेखन,** काठमाडौं : रत्नपुस्तक भण्डार ।

बराल, ईश्वर र अन्य (२०५५) **नेपाली साहित्यकोश,** काठमाडौं : ने.रा.प्र.प्र.।

भट्टराई, रामप्रसाद (२०६५) **भाषिक अनुसन्धान विधि,** काठमाडौंः शुभकामना प्रकाशन ।

राई, गजेन्द्रकुमार (२०६९) **साहित्यकार वसन्तकुमार चौधरीको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित शोधपत्र, त्रि.वि., पाटन संयुक्त क्याम्पस पाटन ढोका ।

रावल, ललिजन (२०६६) **एउटा बन्द खाम,** काठमाडौं : विवेक सिर्जनशील प्रकाशन ।

श्रेष्ठ, इन्द्रकुमार (२०५४) **पूर्वीय पाश्चात्य समालोचना, मान्यता, वाद र प्रणाली,** काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

सञ्जेल, गोपाल (२०४८), **उज्यालो बाटोतिर,** ललितपुर : युवा समूह ।

----- (२०५७) **अनुभूतिका रेखाहरू,** ललितपुर : पूर्व विद्यार्थी ।

----- (२०६३) **परिवर्तनको पक्षमा,** ललितपुरः ललित सन्देश साप्ताहिक खबरपत्रिका ।

----- (२०६५) **प्रसङ्गवश,** ललितपुर : मानव आवाज साप्ताहिक ।

----- (२०६७) **मै हराएँ आज,** ललितपुर : प्रदिप जोशी ।

----- (२०६९) **विस्मात्,** ललितपुर : कृष्ण सञ्जेल ।

सुवेदी, राजेन्द्र (२०५६) **स्नातकोत्तर नेपाली निबन्ध,** (सम्पा.) काठमाडौं : पाठ्यसामग्री पसल ।

# परिशिष्ट - १

## साहित्यकार गोपाल सञ्जेलसँग सम्बन्धित केही चित्रहरू



शोधनायक



शोधनायक परिवारका साथमा



शोधनायकका परिवारका साथमा शोधार्थी

# परिशिष्ट-२

## साहित्यकार गोपाल सञ्जेलसँग गरिएको कुराकानी

**शोधकर्ता : यहाँको जन्म र जन्मस्थानका बारेमा प्रकाश पारी दिनुहुन्छ कि ?**

**उत्तर :** ललितपुरको इकुडोल गाविस वडा नं. ६ मा २०२६ साल जेठ ५ गते मेरो जन्म भएको हो । आठ छोराछोरीमध्ये म सातौँ सन्तान हुँ ।

**शोधकर्ता : प्रारम्भिकदेखि उच्च शिक्षासम्मको अध्ययन यहाँले कहाँ र कसरी सम्पन्न गर्नुभयो ?**

**उत्तर :** ग्रामीण परिवेशमा निम्न वर्गीय परिवारमा जन्मी हुर्केकाले पढाइ सुखद् हुन सकेन । घर नजिकैको सन्तोष शान्ति प्रा.वि.मा कक्षा तीनसम्म त जसोतसो पढियो । यो विद्यालयमा योभन्दा माथिको पढाइ हुँदैनथ्यो । चार कक्षा पढ्न गावै छोडेर जानुपर्ने भएकाले यो सम्मभव हुन सकेन । तीन कक्षा उत्तीर्ण गरेपछि तीन वर्ष पढाइ रोकियो । यही समयमा पिताको स्वर्गारोहणले परिवारमा ठूलो बज्रपात आइपऱ्यो । यसपछि त हाम्रो परिवार गरिबीको पराकाष्टा भोग्न विवश भयो । लाउन, खान पनि धौँधौँ हुन थाल्यो । पढ्ने कुरो प्राथमिकतामै परेन । ठूलो परिवार भएकाले मलाई मात्र पढाउने कुरो पनि सम्भव थिएन ।

यसपछि झन्नै दुई घण्टाको दूरीमा विज्ञानप्रभा प्राविले कक्षा चार पढाउन सुरु गऱ्यो । यो विद्यालयमा मेरो पनि कक्षा चारको पढाइ सुरु भयो । त्यतिबेला कक्षा चारमा पनि मासिक शुल्क तिर्नुपथ्र्यो । भर्ना शुल्क र मासिक शुल्क तिर्न नसक्दा मेरो अन्तिम

परीक्षाको परिणाम हेर्न र लिन पाइएन । यसपछि फेरि पढाइ रोकियो । एक वर्षपछि इकुडोलकै अर्को जनजागृति प्राविले कक्षा ६ को पढाइ सुरु गर्न बुद्धि तामाङलगायतका शिक्षकहरू विद्यार्थी खोज्दै गाउँ घुम्दा हाम्रो घरमा आइपुगे । उहाँले नै मलाई विद्यालय लिएर जानुभयो र कक्षा ६ मा भर्ना गरिदिनुभयो । सधैँ विद्यालय आउनु भन्दै तीन वटा कापी र एउटा फाउन्टेन कलम दिनुभयो । मेरो खुसीको सीमा रहेन । मैले कक्षा ६ मा किताबविना नै अध्ययन पूरा गरेँ । कापी पनि सरले दिएका तीन वटाले मात्र पुऱ्याएँ । कक्षा ६ को परीक्षा सकेर झन्नै एक महिनाको विदाको समयमा मैले किताब किन्ने पैसाको जोहो गर्न वनमा नुनढिकी, पाखनबेद, जटामसी खोज्न थालेँ । तीन खेप चापागाउँसम्म आफैँले बोकेर ल्याई कक्षा ७ को पुस्तक खरिद गरेँ । कक्षा ६ को परीक्षा परिणाम हेर्न जाँदा म प्रथम भएको पाउँदा मेरो खुसीले खुट्टा धर्तीमा थिएन । प्रथम पुरस्कार वापत ज्यामिती बक्स पाउँदा अर्को सर्वस्व पाएझैँ लागेको थियो । पुस्तक, ज्यामिती बक्स, कापी र कलमको बेलैमा गरिएको बन्दोवस्तीले कक्षा ७ मा त मेरो पढाइको रौनक नै थपिएको थियो । कक्षा ७ मा पनि दोस्रो हुने कुरै भएन ।

कक्षा ८ पढ्ने माध्यमिक विद्यालय गाउँमा थिएन । कक्षा ८ पढ्न गोटिखेलस्थित महाँकाल माविमा गएँ । त्यहाँ सातु सामल बोकेर डेरा गरी बस्नु पऱ्यो । २०४४ सालमा यही विद्यालयबाट द्वितीय श्रेणीमा एसएलसी पूरा गरेँ । यतिबेलासम्म मलाई बुद्धिसरको सहयोग निरन्तर जारी नै थियो । यसपछि भने पाटन क्याम्पसबाट आइए र त्रिविबाट प्राइभेट गरी आर्ट्समा स्नातक पूरा गरेँ ।

**शोधकर्ता : तपाईं समाजसेवी, शिक्षासेवी, साहित्यकार एवम् राजनीतिमा पनि त्यत्तिकै सक्रिय हुनुहुन्छ । समय कसरी निकाल्नुहुन्छ ?**

**उत्तर :** मेरो जिन्दगीको अधिकांश र महŒवपूर्ण समय सामाजिक सेवामा बित्यो । राजनीतिमा बित्यो । पछिल्लो समय लेखनमा व्यतीत भएको साँचो हो । पछिल्लो यो दसक भने दलीय सक्रिय राजनीतिबाट अलग छु । जहाँसम्म समय निकाल्ने कुरो छ, समय त सबैको लागि बराबरी नै हो । कुन कामलाई बढी प्राथमिकता दिने र समयको व्यवस्थापन गर्ने भन्ने कुरोचाहिँ व्यक्तिगत कुरो पनि हो कि ! म जागिरतिर लागिन । व्यापार गरिन । उद्यम गर्ने सोच पनि आएन । यो समय पनि त थियो नि मसँग । यसैको समान्य सदुपयोग गरेँ कि त !

**शोधकर्ता : साहित्यमा लाग्ने प्रेरणा यहाँलाई कसबाट प्राप्त भएको हो ?**

**उत्तर :** कक्षा ८ मा त्यतिबेला भानुभक्तको पादुका दान शीर्षकको कविता पढ्नुपर्थ्यो । यो कविताको भेउ पाउन नसकेर मलाई कविताप्रति नै वितृष्णा भएथ्यो । तर त्यही कक्षाको महाकवि देवकोटा र युगकवि सिद्धिचरण श्रेष्ठको यात्री र मेरो प्यारो ओखलढुङ्गा कविताले भने मलाई साँच्चै आकर्षित गऱ्यो । प्रेरणा मिल्यो । पछि रामेश र मञ्जुलका गीतसङ्गीतले पनि झङ्कार भर्ने काम गऱ्यो । विद्यालय पढ्दा नै साहित्य लेख्नु पर्दोरहेछ र यसले जीवन्त बनाउँदोरहेछ भन्ने लागेर कविता लेख्न थालेँ ।

**शोधकर्ता : यहाँलाई साहित्यका विधाहरूमध्ये सबैभन्दा मनपर्ने विधा कुन हो ?**

**उत्तर :** कविता र निबन्ध । कविताले गहिरो भावको मिठास भरिदिन्छ । निबन्धले खुला मैदानमा दौडाउँछ ।

**शोधकर्ता** : **कविता, गीत, गजल, निबन्धमा कलम चलाउँदा चलाउँदै एक्कासि उपन्यास लेखन र प्रकाशनमा आउनुभयो । यसको खास कारण के हो ?**

**उत्तर** : त्यस्तो खास कारण केही पनि छैन । चर्चित साहित्यकार जगदीश घिमिरेसँग उहाँकै घरमा भेट्न गएको थिएँ । भेटघाटको सन्दर्भमा उहाँले मेरो व्यक्तिगत र घरायसी कुराकानी पनि सोधपुछ्छु गर्नुभयो । मैले हाम्रो परिवार द्वन्द्वको समयमा गाउँबाट विस्थापित हुन बाध्य हुनु परेको सन्दर्भ बताएँ । त्यसपछि उहाँले मलाई निबन्धहरू पनि लेख्दै गर्नुस् तर तापाईंहरूजस्ता द्वन्द्वका भुक्तभोगीहरूले द्वन्द्वकै विषयवस्तु लेख्दामात्र यसको मर्म आउँछ । जति लेखिएका छन् ती भुक्तभोगीकाभन्दा अरूका बढी छन् । तर निबन्ध होइन उपन्यास लेखिनुपर्छ भन्नुभयो । उहाँको यो भनाइले मलाई केही समय त लेख्छु, सख्दिन भन्ने लागिरह्यो । अन्ततः लेख्ने अठोटमा पुगेँ । र, बिस्मात उपन्यासको सिर्जना भयो ।

**शोधकर्ता** : **बिस्मात उपन्यास यहाँको चर्चित उपन्यास हो । यो उपन्यास लेख्नुको पछाडि खास कारण के हो ? यो उपन्यासको रचनागर्भबारे जानकारी प्रदान गरिदिए हामी पाठकहरू ज्यादै नै लाभान्वित हुने थियौँ ।**

**उत्तर** : द्वन्द्वरत पक्षकै कारणले हाम्रो परिवारकी ७ वर्षिय भावना सञ्जेलले आँगनमा खेल्दाखेल्दै ज्यान गुमाउनु पऱ्यो । परिवार विस्थापित हुनुपऱ्यो । राज्य र विद्रोही दुवै पक्षको विनाकारण पीडा र सास्ती दिने काममा कुनै कमी थिएन । यो हामीले मात्र होइन १० वर्षसम्म आम नेपालीले भोगेको यथार्थता थियो । मैले बिस्मात उपन्यासको

विषयवस्तु यही रोजेँ । सायद, जगदीश घिमिरेले पुल्ठो नलगाउनु भएको भए बिस्मात उपन्यासले गर्भधारण गर्दैनथ्यो कि !

शोधकर्ता : **गजलमा पनि यहाँ निकै नै कुशल देखिनुहुन्छ । यति हुँदाहुँदै पनि गजललाई त्यति निखारता दिएको देखिँदैन । यसको कारण के हो ?**

**उत्तर** : कविताको भन्दा गजलको संरचना र गेयात्मकताको दमदारले मलाई पनि लोभ्यायो । वाचन प्रस्तुतिले पनि तान्यो । गजल लेख्न र वाचन गर्न सिक्दै छु ।

शोधकर्ता : **निबन्धकारका रूपमा यहाँलाई कस्तो निबन्धकार हो भनेर भनी दिउनजस्तो लाग्छ ?**

**उत्तर** : सामाजिक जीवन र प्रकृतिको दृश्य चित्रण गर्न कोसिस गर्ने भनी दिँदा होला कि ! यो मामिला मैले यसो नै भन्नेभन्दा पनि यहाँहरूले मनन् गरेको कुरा भनी दिँदा मलाई सन्तोष नै लाग्ने छ ।

शोधकर्ता : **संस्थागत रूपमा पनि यहाँले साहित्यको सेवा गरिरहनुभएको छ । यहाँ अहिले कुनकुन साहित्यिक संस्थामा सम्बद्ध हुनुहुन्छ ?**

**उत्तर** : सुनगाभा साहित्य सदन ललितपुरसँग सम्बद्ध छु । यो संस्थाको उपाध्यक्ष र 'सुनगाभा' द्वैमासिकको सम्पादन समितिमा छु ।

शोधकर्ता : **राजनीतिले साहित्यलाई बेलाबेलामा अतिक्रमण गर्ने गर्दछ । यसबारे यहाँको भनाइ के रहेको छ ?**

**उत्तर** : सबै जना बीपी कोइराला त हुन गाह्रो छ । दुवै धुरीमा उत्तिकै अग्लो र सग्लो हुन । म पनि साहित्यलाई राजनीतिले अतिक्रमण गर्छ भन्ने कुरामा सचेत हुनुपर्छ भन्छु । तर म आफैँमा त्यो कति लागू भएको

छ त्योचाहिँ भेउ पाउन सक्तिन । डरैले त नभनौँ तर म राजनीतिबाट लगभग विश्राम लिएको एक दसक पो पुग्दैछ । तर राजनीतिक अध्ययन, चिन्तनमनन् र लेखनबाट टाढा भएको छैन । नजिकबाट पर्यवेक्षण गर्दैछु । यसैमा सन्तोष पनि मिलेको छ ।

**शोधकर्ता** : **यहाँ आफ्नो साहित्यिक यात्राको प्रारम्भ कहिलेबाट भएको हो भनी स्वीकार गर्नुहुन्छ ?**

**उत्तर** : ठ्याक्कै तिथिमितिको याद त छैन तर विद्यालय जीवनदेखि प्रारम्भ भएको हो । ८ कक्षा पढ्दा साहित्यको कुतिकुति लागेको थियो । ९ र १० कक्षा पढ्दा कविता लेख्न सुरु गरेँ ।

**शोधकर्ता** : **यहाँको दृष्टिमा साहित्य कसको लागि लेखिनुपर्दछ ?**

**उत्तर** : पहिलो त आफ्नो लागि हो । यसपछि सकियो भने सामाजिक जीवनका उकाली, ओरालीमा पसिना पुछ्दै पार गर्नेहरू, देउरालीमा थकान मार्नेहरू र भन्ज्याङमा सुस्केरा फेर्नेहरूका लागि लेखिनुपर्दछ भन्ने लाग्दछ ।

**शोधकर्ता** : **नेपाली साहित्यमा राम्राराम्रा साहित्यकारहरूको नाम लिनुपर्दा यहाँ कसकसको नाम लिन चाहनुहुन्छ ?**

**उत्तर** : मेरो हृदय पगाल्ने साहित्यकारहरूको नाम लिनुपर्दा महाकवि लक्ष्मीप्रसाद देवकोटा, बीपी कोइराला, भूपी शेरचन, सिद्धिचरण श्रेष्ठलगायत हुनुहुन्छ ।

**शोधकर्ता** : **पछिल्लो चरणमा आएर यहाँले बिस्मात उपन्यास लेख्नुभयो । उपन्यासको हैसियत राखेर पूर्ववती उपन्यासकारहरू विश्वेश्वरप्रसाद कोइराला, गोविन्दबहादुर गोठाले, विजय मल्ल, दौलतविक्रम विष्ट,**

**मदनमणि दीक्षित, भवानी भिक्षुका उपन्यास र तपाईंको उपन्यासमा ताŒवक रूपमा के भिन्नता पाइन्छ ?**

**उत्तर** : यो चाहिँ मेरा लागि ज्यादै कठिन प्रश्न गर्नुभयो । यहाँले जजसको नाम लिनुभयो उहाँहरू नेपाली साहित्यिक आकाशका नक्षत्र हुनुहुन्छ । आफ्ना विधाका मानक हुनुहुन्छ । म बबुरो उहाँहरूसँग तुलना गर्ने धृष्टता गर्दिनँ । बिस्मात् उपन्यासको बारेमा मैले सकेसम्म मिहेनत गरेको छु । कति न्याय गर्न सकेँ सकिनँ यो यहाँहरूले मूल्याङ्कन गर्ने कुरा हो ।

**शोधकर्ता** : **वर्तमान समयमा नेपाली साहित्यले सन्तोषजनक रूपमा विकास गरेजस्तो लाग्छ कि लाग्दैन ?**

**उत्तर** : नेपाली साहित्यले सन्तोषजनकभन्दा पनि उत्साहजनक विकास गरेको छ । अब त लेखेरै बाँच्ने लेखकहरू पनि छन् । हरेक वर्ष पढ्ने पाठकहरूको वृद्धि थपिँदो छ । राम्रा पुस्तकहरूको बिक्री बीसौँ हजार नाघेका तथ्य छन् । निजी क्षेत्रको व्यावसायिक संलग्नताले पनि नेपाली साहित्यको विकासमा महŒवपूर्ण योगदान पुगेको छ । पाठकसँगै नयाँनयाँ लेखकहरूको आगमनमात्र होइन हस्तक्षेप नै भएको छ । पछिल्ला उत्कृष्ट पुरस्कृत कृति र साहित्यकारलाई हेर्दा यसको पुष्टि हुन्छ ।

**शोधकर्ता** : **तपाईं एउटा साहित्यिक पत्रकार पनि हुनुहुन्छ । अहिले नेपालमा साहित्यिक पत्रिकाको स्थिति केकस्तो देख्नुभएको छ ?**

**उत्तर** : योचाहिँ चिन्ताजनक अवस्थाबाट व्युँतिन सकेको छैन । राज्यको कुनै पनि निकायले वास्ता गर्नुपर्छ भन्ने ठानेका छैनन् । अहिले पनि

प्रज्ञाप्रतिष्ठान चाकरी नै खोज्छ । अरूको के कुरा भो र ? तर, केही आशा लाग्दो प्रयास पनि गरिएका अनुभूति छन् । साहित्यको मर्म, धर्म र कर्म बुझाउन धैर्य गर्न सकियो भने सद्भाव र सहयोगका हातहरू पाइने कुरामा भने कमी रहेनछ । 'सुनगाभा' द्वैमासिकका १२ अङ्कसम्मको यात्रामा हामीले यसको थोरै अनुभूति गर्ने अवसर पाएका छौँ ।

शोधकर्ता : **नेपाली साहित्यलाई विश्वको रङ्गमञ्चमा प्रस्तुत गर्नका लागि के कस्ता कार्यहरू गर्नुपर्छ होलाजस्तो लाग्दछ ?**

उत्तर : नेपाली साहित्यको विकासका लागि यो ज्यादै महŒवपूर्ण कुरो हो । विश्व साहित्य रङ्गमञ्चमा पु¥याउन व्यक्तिगत र केही संस्थागत प्रयास भएका छन् यद्यपि यो पर्याप्त हुने कुरो होइन । यसका लागि राज्यको तर्फबाट नै नीतिगत व्यवस्था गर्नुपर्ने हुन्छ । अनुवाद गर्ने, कर, भन्सार छुट हुलाकी सहजताजस्ता कुरामा व्यवस्था गरिनुपर्दछ ।

मेरो बिस्मात उपन्यास ४० केजी (२२५प्रति) अमेरिका पठाउन ३० हजार यातायात खर्च व्यहोर्नु परेको तितो अनुभूति छ । नेपालबाहिर पनि नेपाल छ । नेपाल बाहिरको नेपाल भावनात्मक रूपमा झन् गर्विलो छ । अनुवाद साहित्यले त अर्को संसारमा प्रवेश पाउने नै छ नि !

शोधकर्ता : **सिर्जना र समालोचना एउटै पाटोका दुई सिक्का हुन् कि होइनन् ?**

उत्तर : सिर्जनामा आधारित समालोचना साहित्य एउटै सिक्काको अर्को पाटो हो । मलाई त सिर्जनाभन्दा पनि समालोचना महŒवपूर्ण होजस्तो पो लाग्छ । समालोचना साहित्य सिर्जनाको मार्गनिर्देश र बिहङ्गम् दृष्टि

हो । समालोचना भनेको आलोचनामात्रै बुझिने प्रवृत्ति बढी भएकोचाहिँ हो कि !

शोधकर्ता : **अहिलेको समालोचनाले सिर्जनाप्रति न्याय गरेजस्तो लाग्छ कि लाग्दैन ?**

**उत्तर** : ढिलो न्याय दिनु र नदिनु बराबारी हो भन्छन् । समालोचना साहित्य सिर्जनासँगै समानन्तर हुनुपर्ने हो जस्तो लाग्छ तर समालोचना साहित्य केही पछि नै छ कि ! समालोचनाका नाममा गरिएका केही उछित्तो काट्ने कार्यलाई त कसरी समालोचना भन्न सकिएला र ? तर समालोचनाको मर्मअनुरूप प्रशंसनीय कार्यहरू पनि भएका छन् ।

शोधकर्ता : **२०६२/६३ को आन्दोलन र पछाडिको समयमा नेपाली साहित्यले कस्तो किसिमले फैलिने मौका पाएको देख्नुभएको छ ?**

**उत्तर** : पाठक ह्वात्तै बढेका छन् । नयाँनयाँ लेखकका नयाँनायाँ सिर्जना भएका छन् । उत्कृष्ट सिर्जना र पुरस्कृत हुनेमा युवा पङ्क्तिले हस्तक्षेप गर्दै गएको महसुस भएको छ । बजार फैलिँदो छ । निजी क्षेत्रका प्रकाशन तथा वितरण गृह व्यावसायिक रूपमा आएका र थपिएका छन् । यसबीचमा हाम्रै देशमा अन्तर्राष्ट्रिय साहित्यिक महोत्सवहरू भएका छन् । चर्चापरिचर्चा वृद्धि भएको छ । सबै प्रकारका पत्रपत्रिकाहरूले साहित्यिक पृष्ठ छुट्याउन थालेका छन् । हिजोको तुलनात्मक रूपमा यो उत्साहजनक अवस्था हो ।

**शोधकर्ता : सुनिन्छ हिजोआज नेपाली साहित्य पैसाको किनबेचमा लागेको छ । यहाँलाई यसबारे के लाग्दछ ?**

**उत्तर :** साहित्यिक जगत् पनि यही समाजको एउटा अभिन्न अङ्ग हो । यो पनि यही भद्रगोल र अस्तव्यस्त समाजबाट अलग हुने कुरै भएन । केही अँध्यारो पाटो र केही नकारात्मक प्रवृत्ति छैनन भन्न सकिन्न । तर नेपाली साहित्यको मूल प्रवृत्ति भने सुखद नै छ ।

**शोधकर्ता : अन्त्यमा, मैले केही सोध्न छुटाएँ भन्ने लागेको छ भने तिनै कुरा प्रकाश पारिदिए म आफूलाई धन्य सम्झन्थेँ ।**

**उत्तर :** राजेन्द्रजीलाई धेरै धरै धन्यावाद दिन्छु । मलाई यतिधेरै प्रश्नावलीमाथि घोत्लिने र आफ्ना विचार प्रकट गर्ने अवसर दिनुभयो । साथै मेरो व्यक्तिगत र साहित्यिक कर्मलाई विश्वविद्यालयको प्राज्ञिक तहमा पुऱ्याउन यहाँले गर्नुभएको अध्ययनप्रति म नमन गर्दछु र कृतज्ञता ज्ञापन गर्दछु । यहाँको जय होस् ।

# परिशिष्ट-३

## साहित्यकार गोपाल सञ्जेलसँग शिक्षा क्षेत्रकाबारेमा भएको कुराकानी

# सरकारले कागजी भ्रम तोड्नुपर्छ, अरूले उल्टो बाटो छोड्नुपर्छ

**◊ गोपाल सञ्जेल**

**विद्यालय : तपाईं आजकाल के गर्दै हुनुहुन्छ ?**

**सञ्जेल :** आजकाल मेरो व्यस्तता दक्षिण ललितपुर ग्रामीण विद्युत् सहकारी संस्था र गैरसरकारी संस्था महासंघ ललितपुर शाखाको काममा बित्ने गरेको छ । साथै म इम्याजिन ललितपुरको कार्यक्रममा कार्यरत छु । पछिल्लो समयमा पत्रपत्रिकाहरूमा नियमित लेखन पनि गर्दै आएको छु ।

**विद्यालय : तपाईंका लेखरचनाहरूमा जनजागृति माविको विषय जोडिएको देखिन्छ । यहाँबाट तपाईले प्राप्त गरेको अनुभव वा शिक्षा के हो ?**

**सञ्जेल :** जनजागृति माविको स्थापना गर्दाखेरि नजिकबाट सहयोग गर्ने अवसर मिलेको थियो । यसबाट मैले शिक्षा क्षेत्रलाई नजिकबाट हेर्ने, बुझ्ने, अध्यापन र अध्ययन गर्ने अवसर पाएँ । त्यतिखेर कठिन दिनहरू पनि थिए । यो घटनाक्रमले मलाई छोइरहन्छ । त्यसैले मेरा शैक्षिक लेखनमा यसका प्रसङ्गहरू जोडिन पुग्छन् ।

**विद्यालय** : **विद्यालय स्थापना गर्दा कठिन दिनहरू सम्भन्नु भयो । के थिए त्यस्ता कठिनाइहरू ?**

**सञ्जेल** : माध्यमिक विद्यालय स्थापनाको कुरो गर्दा इकुडोल गाविसको सबैलाई सहज हुने गरी गर्ने कुरा नै जटिल थियो । किनकि गाउँको माभ्र पर्ने स्थानमा विद्यालय नै थिएन । यही कुरामा सहमति जुटाउन कठिन भएको थियो । हाल जुन ठाउँमा विद्यालय सञ्चालन भएको छ, यहाँ कुनै न कुनै विद्यालय ल्याएर सञ्चालन गर्दा अरू विद्यालयहरू स्थानन्तरण गर्नु पर्ने थियो । यसका लागि ऐन कानुनका विधिहरूको सहजीकरण गर्ने काममा शिक्षा कार्यालयले सघाउनु पर्नेमा उल्टै दुख दिने काम गऱ्यो । हामीमा स्वस्थ राजनीतिक प्रतिस्पर्धामा पनि कमी थियो । विद्यालयलाई राजनीतक ढङ्गले लिने र बुभ्र्ने कामले पनि केही असहज बन्यो । भौतिक पूर्वाधारको तयारी गर्न र निजी स्रोतका शिक्षकहरूको तलवभार व्यहोर्न पनि  निकै कठिन भएको थियो ।

**विद्यालय** : **हाल तपाई यस विद्यालयको व्यवस्थापनको जिम्मेवारीमा हुनुहुन्न । अहिलेको विद्यालयको अवस्थालाई कसरी हेरिरहनु भएको छ ?**

**सञ्जेल** : व्यवस्थापन सञ्चालनको जिम्मेवारी भनेको सधैँ एउटै व्यक्तिले मात्र गर्ने विषय होइन । कसैले सुरुवात गर्छ । अरूले त्यसलाई निरन्तरता दिन्छन् । यो नियमित चलिरहेन प्रक्रिया हो । केहीकेही फरक वा कमीकमजोरहरू नहोलान भन्न सकिन्न । तर पनि विद्यालयले आफ्नै ढङ्गमा गति लिइरहेको छ । यसैमा सन्तोष लागेको छ । जिम्मेवारीबाट बाहिरिएता पनि विद्यालयको उन्नति र प्रगतिका लागि मेरो मनस्थितिबाट बाहिरिएको अवस्था छैन ।

**विद्यालय** : **विद्यालयले उच्चमावि सञ्चालन गर्ने योजना बनाएको छ । यस योजनामा तपाईको साथ सहयोग कस्तो रहने छ ?**

**सञ्जेल** : अब हरेक माध्यमिक विद्यालयहरूले उच्चमावि सञ्चलन गर्नु जरुरी छ । सरकारको नीति पनि यस्तै बुझिन्छ । जनजगृति माविले पनि उच्चमावि सञ्चालन गर्ने योजना बनाएको सुन्दा एकदम खुसी लाग्यो । उच्चमावि सञ्चालन गर्ने योजनामा विद्यालयले बनाएको कार्यक्रम, अभियान र गतिविधिहरूमा मेरो सक्रिय सहभागितासहित सहयोग हुनेछ । तपाईंहरूको यो योजनालाई मेरो अग्रिम शुभकामना छ ।

**विद्यालय** : **तपाई अहिले सहकारी संस्थाहरूमा सक्रिय रहनुभएको छ । के सहकारी संस्थाहरूमार्फत् विद्यालय सञ्चालन गर्न सकिन्छ ? अथवा शिक्षालाई सहकारीकरण गर्न सकिन्छ ?**

**सञ्जेल** : सहकारी वा सहकारिता भन्ने विषय नै व्यापकता छ । सहकारितामार्फत गर्न नसकिने कामहरू केही पनि छैनन् । सबै क्षेत्रका कामहरू सहकारीमार्फत् गर्न सकिन्छ भन्ने अनुभव र अभ्यासले नै सिद्ध गरिसकेको छ । विद्यालयलाई पनि सहकारीकरण गर्न सकिन्छ । हाम्रै जिल्लाका ज्योतिदय सहकारी स्कुल चापागाउँ र त्रिरत्न सहकारी स्कुल बुङ्गमती नै यसका राम्रा उदाहरण हुन् । सबै तहका विद्यालय, क्याम्पस वा विश्वविद्यालयहरू समेत सहकारीताबाट सञ्चालन गरिएका अरू देशका उदाहरणहरू धेरै पाइन्छन् ।

**विद्यालय :** **तपाई भर्खरै सामाजिक संस्थाहरूको तर्फबाट थाइल्याण्डको अध्ययन भ्रमण गरेर आउनु भएको छ । नेपाल र थाइल्याण्डको विकासको अन्तर के पाउनु भयो ?**

**सञ्जेल :** हो, मैले थाइल्याण्डको विकासका बारेमा अध्ययन भ्रमण गर्ने अवसर पाएको थिएँ । त्यहाँ नजाँदाको मैले बुझेको थाइल्याण्ड र गाइसकेपछि देखे बुझेको थाइल्याण्डको बारेमा धेरै भिन्नता पाएँ । थाइल्याण्ड र नेपालको विकासको तुलना गर्न सकिने अवस्था नै छैन । थाईहरू युरोपियन र अमेरिकनकै हाराहारीमा पुगिसकेका छन् । हामी नेपालीहरू भने विकासको पहिलो पाइलाकै अवस्थामा छौँ । उनीहरूको घत लाग्दो कुरा के छ भने त्यहाँको विकासले फड्को मारेको समयावधि भनेको १८/२० वर्षको हो । यति छोटो अवधिमा उनीहरूले शिक्षा, स्वास्थ्य, बिजुली, आर्थिक उत्पादन आदिमा शतप्रतिशत प्रगति हासिल गरिसकेका छन् । थाईहरू शतप्रतिशत शिक्षित छन् । शतप्रतिशतले बिजुली पाएका छन् । बेरोजगारी समस्या छैन । उनीहरू हरेक कुरामा आत्मनिर्भर भएका छन् । यसो हुनुमा उनीहरूको निर्दिष्ट राष्ट्रिय योजना र सरकारको दऱ्हो इच्छाशक्ति नै हो । छोटो समयमा विकासको फड्को मार्न सकिन्छ भन्ने पाठ थाईबाट सिक्न सकिन्छ ।

**विद्यालय :** **अहिले विद्यालयहरू समुदायमा लैजाने सरकारको नीति तपाईलाई कस्तो लागेको छ ? यसले विद्यालय, समुदाय र विद्यार्थीहरूलाई पार्ने प्रभाव कस्तो होला ?**

**सञ्जेल :** नेपालमा मात्र होइन, दक्षिण एशियामा विकासको नमूनाको नाम लिँदा नेपालको सामुदायिक वनको नाम आउँछ । सामुदयिक वन राम्रो

हुनुमा समुदायको स्वामित्वमा सञ्चालन व्यवस्थापन हुन पाएकाले नै हो भनेर सबैले स्वीकार्छन् । वनमा राम्रो हुनसक्छ भने विद्यालय पनि राम्रो हुन्छ भन्ने कुरामा दुविधा छैन ।

विद्यालयहरू समुदायमा लैजाने भन्ने कुरा के छ भने- विद्यालयहरू सधैँ समुदायसँगै छन् । प्राकृतिक न्यायको सिद्धान्तअनुसार पनि विद्यालयहरू समुदायकै हुन्छन् । विद्यालयको भवन, फर्निचर, खेलमैदान, रेखदेख, व्यवस्थापन आदि सबै कुराहरू समुदायले नै गर्दै आएका छन् । केबल कागजीरूपमा हामीसँग छ भन्ने ठूलै भ्रम सरकारले पालेर बसेको छ । यो व्यर्थको भ्रम विकासको कुनै पनि पद्धतिसँग मेल खाँदैन । तर विडम्बना के छ भने- आम शिक्षकहरूको प्रतिनिधित्व गर्ने संघ, संगठन, परिषद, प्याब्सनहरूले प्राकृतिक न्यायको सिद्धान्तसँग बाझिने गरी 'विद्यालयहरू समुदायलाई हस्तानतरण गरिनु हुँदैन । हस्तानतरण गर्न दिँदैनौँ,' भन्ने गरेको पाइएको छ । विद्वान र बौद्धिक वर्गबाटै यस्ता विडम्बनापूर्ण भनाइ र आधिकारिक निर्णय किन र कसरी हुनसक्यो ? उहाँहरूबाट यस्तो भन्न सुहाउने कुरै होइन । बरु के कुरा बिर्सन हुन्न भने यसमा राज्य र समुदायको दायित्व र जिम्मेवारी के, कति र कसरी भन्ने विषयमा स्पष्ट रेखाङ्कन गरी परिभाषित गरिनुपर्दछ । यो कार्यमा उनीहरूले राज्यसँग बसेर टुङ्गो लगाउनुपर्छ । शैक्षिक उन्नति द्रुत गतिमा दौडिने भने सरकारले पालेको कागजी भ्रम तोड्नुपर्छ र शिक्षकहरूले उल्टो र असङ्गतिका कुरा गर्न छोड्नुपर्छ ।

**विद्यालय : दक्षिण ललितपुरको शैक्षिक अवस्था कस्तो पाउनु भएको छ ? अबका सम्भावना के हुन सक्छन् ?**

**सञ्जेल** : दश वर्षअघिसम्म दक्षिण ललितपुरका अधिकाँश गाविसहरूमा माध्यमिक विद्यालय थिएनन् । यसबीचमा यहाँका सबैजसो गाविसहरूमा माध्यमिक विद्यालयहरू सञ्चालन भएका छन् । यसलाई ठूलै फड्को मारेको मान्नुपर्छ । भेगीय हिसाबले गोटिखेल, कालेश्वर, भट्टेडाडा र प्युटारमा उच्चमावि पनि सञ्चालन भइरहेका छन् । अरू माध्यमिक विद्यालयहरूले पनि उच्चमावि सुरु गर्ने योजना बनाएको बुझिन्छ । गोटिखेलमा क्याम्पससमेत सञ्चालन भएबाट अब यहाँको शैक्षिक स्थिति हिजोको जस्तो रहेन ।

सम्भावनाको कुरा गर्दा हरेक माध्यमिक विद्यालयहरूले उच्चमावि सञ्चालन गर्ने एउटा कुरा रह्यो भने विद्यालय र उच्चमाविहरूमा व्यावसायिक विषयहरू के हुनसक्छन् भन्ने बारेमा खोजी गर्न जरुरी छ । यहाँको हावापानी, वातावरण, सामाजिक, सांस्कृतिक, आर्थिक, भूबनावट आदिलाई अध्ययन गरी विद्यालय र उच्चमाविहरूमा पठनपाठनको विषय बनाउन प्रयास गर्नुपर्छ । यहाँको दूध, तरकारी, जडिबुटी, पशुजन्य व्यवसाय, कफी, चिया, अनाज आदिले विद्यालयमा पाठ्याक्रमको रूपमा प्रवेश पाउनुपर्छ । अबको १० वर्षपछिको दक्षिण ललितपुरको सपनालाई अहिले देखेर एउटा शैक्षिक योजना बनाउन यहाँका बौद्धिक समुदाय लाग्नु पर्छ । यसरी लाग्दा यहँको सम्भावना अनन्त छ ।

**विद्यालय : अन्त्यमा, यस विद्यालयको व्यवस्थापकीय र शैक्षिक गतिविधिलाई अझ सफलतापूर्वक सञ्चालन गर्न यहाँको केही राय सुझावहरू छन् कि ?**

**सञ्जेल :** हरेक विद्यालयहरूले बालमैत्री विद्यालय बनाउन पहल गरिनुपर्दछ । विगतमा जनजागृति माविको पठनपाठन, परीक्षा, परीक्षण विधि र व्यवस्थापकीय कार्यविधिहरूमा केही फरकपनमा सञ्चालन गरिएको अनुभव छ । यसलाई अहिलेको परिवेशअनुसार अझ परिस्कृत गर्नुपर्छ ।

हामीले प्रजातन्त्रको अभ्यास गर्‍यौं । अहिले लोकतन्त्र भनिरहेका छौं । अखिर प्रजातन्त्र लोकतन्त्र जे भने पनि विद्यालयहरूलाई राजनीतिक चश्माले हेर्ने, बुझ्ने र व्यवहार गर्ने प्रवृत्ति बन्द गरिनुपर्दछ । व्यवस्थापन वा प्रधानाध्यापकलाई फलानो वा तिलानो पक्षको भन्ने ढङ्गले हेर्ने गरिएको छ । यो विद्यालयको शैक्षिक वातावरण धुमिल्याउने संस्कार हो । साँच्चै विद्यालयहरूमा लोकतन्त्रको अनुभूति कक्षामा अध्ययन गर्ने बालबालिकाहरूले गर्न पाउनु पर्छ ।

यस भेगका अधिकांश विद्यालयहरूले ऐच्छिक व्यवसायिक विषयमा लेखा पढाइन्छ । शिक्षकले कक्षामा गएर लेखा विषय पढाउने तर त्यही विद्यालयले आफ्नो हिसाब किताब दोहोरो स्रेता प्रणालीमा नराख्ने विद्यालयहरू पनि धेरै छन् । यसलाई शिक्षा कार्यालयले पनि वास्ता गरेको पाइँदैन ।

विद्यालयले नियमित प्रकाशन गर्ने गरेको साप्ताहिक भित्ते पत्रिका **सौगात** र मुखपत्र **जागृति**को सधैं निरन्तरताको लागि मेरो शुभेच्छा छ । (**जनजागृति उमाविको मुखपत्र 'जागृति'लाई दिएको अन्तर्वार्ता- २०६६**)